# प्रादेशिक आर्थिक गतिविधि अध्ययन
# (सुदूरपश्चिम प्रदेश)

## अर्ध-वार्षिक प्रतिवेदन

## (आर्थिक वर्ष २०७९/८०)




**नेपाल राष्ट्र बैंक**
**धनगढी कार्यालय**
**२०८० जेठ**

# भूमिका

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १२ अनुसार बैङ्कले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्राप्रदाय तथा विदेशी विनिमयजस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने कार्य गर्दै आएको छ। त्यसैगरी, ऐनको दफा १० को उपदफा ३ अनुसार नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रले यस बैंङ्कलाई आर्थिक तथा वित्तीय विषयमा आवश्यक तथ्याङ्क उपलव्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेको छ। साथै, नेपाल राष्ट्र बैङ्कले मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन गर्न वास्तविक क्षेत्रसँग सम्वन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषण गर्दछ।

यस बैंकको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" को आधारमा यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत सुदूरपश्चिम प्रदेशका ९ जिल्लामध्ये तराई क्षेत्रमा पर्ने कैलाली र कञ्चनपुर, पहाडी क्षेत्रमा पर्ने डोटी, डडेल्धुरा, अछाम, बैतडी तथा हिमाली क्षेत्रमा पर्ने दार्चुला, बझाङ र बाजुरा जिल्लामा स्थलगत तथा गैह्रस्थलगत सर्वेक्षण गरिएको छ। सो सर्वेक्षण तथा अन्तरक्रिया एवम् प्राप्त जानकारीको आधारमा कृषि, उद्योग, सेवा, पूर्वाधार विकासलगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा संकलन गरिएको तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी विगत वर्षहरुमा जस्तै आर्थिक वर्ष २०७९/८० को सुदूरपश्चिम प्रदेशको अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत समस्या/चुनौती तथा आगामी अवधिको क्षेत्रगत परिदृश्य समेत चित्रण गरिएको छ।

यो प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराई महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने सुदूरपश्चिम प्रदेशमा अवस्थित विभिन्न सरकारी कार्यालयहरु, क्षेत्रीय निर्देशनालयहरु एवम् विभिन्न परियोजना/उद्योग/प्रतिष्ठान तथा सरोकारवाला तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु। यसैगरी, यो प्रतिवेदन तयार पार्न संलग्न हुनुहुने अनुसन्धान इकाईका उपनिर्देशक श्री राजन बाबु पाण्डेय, सहायक निर्देशकद्वय श्री ध्रुब कार्की र श्री तुलसा ओझा, प्रधान सहायकद्वय श्री ललित कार्की र अर्जुन बहादुर धामीलाई धन्यवाद दिन चाहन्छु।

बिनोद राज लेखक
निर्देशक
नेपाल राष्ट्र बैंक,
धनगढी कार्यालय

# बिषय सूची


**परिच्छेद १** **१**

**परिचय** **१**

१.१ पृष्ठभूमि १

१.२ प्रतिवेदन तर्जूमा विधि, संरचना र तथ्याङ्क संकलन १

१.३ अध्ययन प्रतिवेदनको सीमा २

१.४ अध्ययन प्रतिवेदनको ढाँचा २

**परिच्छेद २** **३**

**कृषि उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति** **३**

२.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा ३

२.२ अन्तर प्रदेश तुलना ३

२.३ सुदूरपश्चिम प्रदेशको भूभाग र जनसंख्या ४

२.४ प्रादेशिक क्षमता, चुनौती तथा सम्भावना ५

**परिच्छेद ३** **७**

**कृषि क्षेत्र** **७**

३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र ७

३.२ कृषि उत्पादन ८

३.३. पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन १०

३.४ सिँचाई ११

३.५ क्षेत्रगत कृषि कर्जा ११

३.६ सहुलियतपूर्ण कर्जा १२

३.७ कृषि क्षेत्रका सम्भावना र चुनौतीहरु १३

**परिच्छेद ४** **१६**

**उद्योग क्षेत्र** **१६**

४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी १६

४.२ क्षेत्रगत औद्योगिक कर्जा १७

४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना १८

**परिच्छेद ५** **१९**

**सेवा क्षेत्र** **१९**

५.१ पर्यटन १९
५.२ सार्वजनिक निर्माण तथा रियल स्टेट २०
५.३ वित्तीय सेवा २०
५.४ यातायात २२
५.५ सेवा क्षेत्र कर्जा २२
५.६ सुदूरपश्चिम प्रदेशको सरकारी वित्त स्थिति २३
५.७ स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति २४
५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना २६

**परिच्छेद ६** **२९**

**पूर्वाधार र रोजगारी** **२९**

६.१ पूर्वाधार क्षेत्र २९
६.२ वैदेशिक रोजगारी ३०
६.३ रोजगारीको चुनौती र सम्भावना ३१
६.४ प्रत्यक्ष वैदेशिक लगानी ३१
६.५ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना ३२

**आर्थिक परिदृष्य** **३५**

७.१ कृषि उत्पादन ३५
७.२ औद्योगिक उत्पादन ३५
७.३ सेवा क्षेत्र ३६
७.४ पूर्वाधार क्षेत्र ३६

## तालिका सूची


तालिका २.१ : प्रादेशिक आर्थिक परिसूचकहरु ४

तालिका २.२ : सुदूरपश्चिम प्रदेशको जिल्लागत जनसंख्याको विवरण ५

तालिका ३.१ : कृषि उपजले ढाकेको भू-क्षेत्र २०७९-८० ७

तालिका ३.२: कृषि बालीको उत्पादन २०७९/८० ८

तालिका ३.३ : प्रमुख पशुपंक्षीजन्य उत्पादन ९

तालिका ३.४ : जिल्लागत रुपमा कर्जाको प्रवाहको अवस्था १०

तालिका ३.५ : जिल्लागत रुपमा औद्योगिक कर्जा प्रवाहको अवस्था १३

तालिका ४.१ : नमुनाको रुपमा छनौट गरिएका होटलहरुको अकुपेन्सी तथा रोजगारी विवरण १७

तालिका ५.१ : बैंक तथा वित्तीय संस्थाका शाखा १९

तालिका ५.२ : सेवाक्षेत्र कर्जा प्रवाहको अवस्था २१

तालिका ५.३ : सुदूरपश्चिम प्रदेशको सरकारी वित्त स्थिति २२

तालिका ५.४ : स्थानीय तहहरुमा भएको बजेट विनियोजन तथा कार्यान्वयनको अवस्था (रु. अर्बमा) २५

तालिका ५.५ : आ.व. २०७९/८० मा बजेट विनियोजनको प्राथमिकता (रु. करोडमा) २५

तालिका ६.१ : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सृजित रोजगारीको अवस्था ३१

## चित्र सूची


चित्र २.१ : प्रदेशस्तरीय कुल गार्हस्थ्य उत्पादनको हिस्सा ३

चित्र ३.१ : प्रमुख खाद्य तथा अन्य बालीको जिल्लागत क्षेत्रफल स्थिति (हेक्टरमा) ७

चित्र ३.२ : प्रमुख खाद्यान्न बालीको उत्पादन स्थिति (हजार मेट्रिक टनमा) ९

चित्र ३.३ : प्रमुख खाद्य तथा अन्य बालीको जिल्लागत उत्पादन स्थिति (हजार मेट्रिक टनमा) १०

चित्र ३.४ : सिंचाई सुविधा (हजार हेक्टरमा) ११

चित्र ३.५ : क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था (रु. दश लाखमा) १२

चित्र ३.६ : सहुलियतपूर्ण कर्जा प्रवाहको स्थिति (रु.दश लाखमा) १२

चित्र ४.१ : उद्योगको क्षमता उपयोगको अवस्था (प्रतिशतमा) १६

चित्र ४.२ : औद्योगिक कर्जा प्रवाह (रु. करोडमा) १७

चित्र ५.१ : घरजग्गा कारेवारको अवस्था २०

चित्र ५.२ : निक्षेप तथा कर्जा (रु. अर्बमा) २१

चित्र ५.३ : सेवा क्षेत्र कर्जा प्रवाह (रु. करोडमा) २२

चित्र ५.४ : आर्थिक वर्ष २०७९/८० मा बजेट विनियोजन र कार्यान्वयनको अवस्था (रु. अर्बमा) २५

चित्र ५.५ : बजेट विनियोजनको प्राथमिकता (रु. हजारमा) २५

चित्र ५.६ : नमूनाको रुपमा छनौट गरिएका निषेप तथा कर्जा प्रवाहको अवस्था २७

चित्र ६.१ : आर्थिक वर्ष २०७८/७९ सम्म जिल्लागत रुपमा वैदेशिक लगानी रहेका परियोजनाको संख्या २९

# बक्स सूची


बक्स १ : कैलालीको धनगढीमा व्यवसायिक च्याउ खेती १५

बक्स २ : पर्यटन क्षेत्रको वस्तु स्थिति १९

बक्स ३ : नमूनाको रुपमा छनौट गरिएका सहकारीहरुको अध्ययन २७

बकस ४: प्रमुख पर्यटकीय गन्तव्य २८

बकस ५ : चमेलिया जलविद्युत आयोजना ३२

# सारांश

## कृषि

१. समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्र १.२० प्रतिशतले ह्रास आएको छ। समीक्षा अवधिमा तराईका जिल्लाहरुमा रसायनिक मलको उपलब्धता, सिंचाईको क्षेत्रफलमा विस्तार, उन्नत र हाईब्रिड जातको बीउ प्रयोगमा वृद्धि, कैलालीको दक्षिण-पूर्वी क्षेत्रमा चैते धान खेतीमा बढ्दो आकर्षण आदि कारणले गर्दा कृषि उत्पादन १५.१८ प्रतिशतले बढेको छ।

२. समीक्षा अवधिमा प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी फापरको उत्पादन १०८.९ प्रतिशतले वृद्धि भएको छ भने दलहनको उत्पादनमा २२.४७ प्रतिशतले ह्रास आएको छ। त्यसैगरी, तरकारी उत्पादनमा ११.३१ प्रतिशतले ह्रास आएको छ भने फलफूल तथा मसला ५.७८ प्रतिशतले बढेको छ।

३. पशुजन्य उत्पादन अन्तर्गत दूध ५.२३ प्रतिशत, मासु ४.०९ प्रतिशत, अण्डा ४.०९ प्रतिशतले बढेको छ।

४. समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले कुल कर्जा प्रवाहको ११.८४ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गरेका छन्।

## उद्योग

५. समीक्षा अवधिमा यस प्रदेशका अध्ययन नमूनामा समेटिएका उद्योगको औसत क्षमता उपयोग ३६.२४ प्रतिशत रहेको छ।

६. औद्योगिक उत्पादनमध्ये आर्थिक वर्ष २०७९/८० को अर्धवार्षिक अवधिमा गँहुको पिठो, ईटा र रोजिन उत्पादनमा उल्लेख्य रुपमा ह्रास आएको र अन्य वस्तुहरुको उत्पादनमा वृद्धि भएको छ।

७. अध्ययन क्षेत्र अर्न्तगतका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको औद्योगिक कर्जा कुल प्रवाहित कर्जाको १८.१७ प्रतिशत रहेको छ।

## सेवा

८. समीक्षा अवधिमा यस प्रदेशमा केही जिल्लामा ठूलो लगानीका नयाँ होटलहरु सञ्चालनमा आएका तर कुनै जिल्लामा केही होटलहरु पूर्ण रुपमा बन्द भएका कारण समग्रमा पर्यटकस्तरीय होटल तथा लज संख्यामा ६.१२ प्रतिशतले ह्रास आएको छ भने शैयाको संख्या ६.१९ प्रतिशतले घटेको छ।

९. घरजग्गा रजिष्ट्रेशन संख्या ३८.९५ प्रतिशतले घटेको छ भने, रजिष्ट्रेशन राजस्व ५९.४२ प्रतिशतले घटेको छ।

१०. यस प्रदेशका बैंक तथा वित्तीय संस्थाको आर्थिक वर्ष २०७९ को पुस मसान्तसम्मको निक्षेप २०७९ असार मसान्तको तुलनामा ०.४२ प्रतिशतले घटेको छ भने कर्जा प्रवाह ६.२७ प्रतिशतले वृद्धि भएको छ।

११. समीक्षा अवधिमा यातायात साधन संख्या ५.१९ प्रतिशतले वृद्धि भएको छ।

# परिच्छेद १

# परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन गर्न वास्तविक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषण गर्दछ । आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाको विश्लेषणबाट मुलुकको आर्थिक विकासको अवस्था, आधार एवम् गुणस्तरको जानकारी प्राप्त भई आर्थिक विकास तथा स्थायित्व प्राप्त गर्न र आवश्यक नीति तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्न सहयोग पुग्दछ । नेपाल राष्ट्र बैंकले मुलुकको समष्टिगत अर्थतन्त्र, आर्थिक, वित्तीय र वाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ। यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ। प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०७९/८० को अर्धवार्षिक (२०७९ साउनदेखि पुससम्मको) तथ्याङ्कमा आधारित रहेको छ।

विगतमा देशका ५७ जिल्लाहरुबाट तथ्याङ्क संकलन गरी अध्ययन प्रतिवेदन तयार गर्ने प्रचलन रहेकोमा मुलुकमा संघीयता कार्यान्वयनमा आएपछि ७७ वटै जिल्लाहरुबाट तथ्याङ्क संकलन गरी प्रदेशगत रुपमा यस्तो प्रतिवेदन तयार गर्ने गरिएको छ। सुदूरपश्चिम प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा यस प्रदेशका दार्चुला, बैतडी, डडेलधुरा, कञ्चनपुर, बझाङ, बाजुरा, अछाम, डोटी र कैलाली गरी ९ जिल्लाको तथ्याङ्क समावेश गरिएको छ।

## १.२ प्रतिवेदन तर्जूमा विधि, संरचना र तथ्याङ्क संकलन

सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाहरुको कृषि, उद्योग, सेवा र पूर्वाधार सम्बन्धी प्रगति विवरण, सम्भावना, चुनौती एवम् आगामी कार्यदिशा प्रतिवेदनमा समावेश गरिएको छ। त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशको क्षेत्रगत हिस्सा, अन्य प्रदेशसँगको तुलनात्मक स्थिति, प्रदेशका महत्वपूर्ण आर्थिक परिसूचकहरु समेत यस प्रतिवेदनमा समावेश गरिएको छ। साथै, प्रतिवेदनमा खप्तड क्षेत्र, दार्चुलाको चमेलिया जलविद्युत आयोजना र कैलालीको धनगढीमा व्यवसायिक च्याउ खेती बिषयको अध्ययन पनि संलग्न गरिएको छ।

नेपाल राष्ट्र बैंक "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" को आधारमा यस कार्यालयको कार्य क्षेत्र अन्तर्गत रहेका सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाका सम्बन्धित निकायहरुबाट स्थलगत र गैरस्थलगत माध्यमबाट प्राप्त गरिएको तथ्याङ्कको प्रशोधन र विश्लेषण, सरोकारवाला निकाय तथा विषय विज्ञसँगको अन्तरक्रियाबाट प्राप्त जानकारी तथा सुझावका आधारमा यस अध्ययन प्रतिवेदन तयार पारिएको छ।

प्रतिवेदनमा राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत हिस्सा र अन्य प्रदेशसँगको तुलनात्मक स्थिति सम्बन्धी तथ्याङ्क केन्द्रीय तथ्याङ्क विभागबाट, कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट संकलन गरिएको छ। यसैगरी, विद्युत पहुँचको तथ्याङ्क जिल्लास्थित विद्युत प्राधिकरणबाट लिईएको छ। यी निकायहरुबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन, शिक्षा, स्वास्थ्य, विद्युत लगायतका तथ्याङ्कहरु संकलन गरिएको छ।

औद्योगिक क्षेत्रतर्फ उद्योगहरुको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमूना छनौटमा परेका १३ वटा उद्योगहरुको गैर-स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ। बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क यस बैंकको आर्थिक अनुसन्धान

विभाग मार्फत लिइएको छ। घरजग्गा रजिष्ट्रेशन संख्या र सो बापतको राजश्वको रकम मालपोत कार्यालय मार्फत लिइएको छ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमूना छनौटमा परेका १० वटा होटलहरुबाट स्थलगत तथा गैस्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ। घरजग्गा नक्शापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरुबाट, पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, सडक डिभिजन कार्यालय र नगरपालिकाबाट समेत लिइएको छ। सवारी साधन संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ। सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका ९ वटा जिल्लाहरुबाट १० बचत तथा ऋण सहकारी संस्थाहरुको नमुना छनौट गरी विवरण संकलन गरिएको छ।

पूर्वाधार क्षेत्र अन्तरगत यस प्रदेशमा रहेका राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजना सम्बन्धी विवरण भौतिक पूर्वाधार विकास मन्त्रालय सुदूरपश्चिम प्रदेशबाट लिइएको छ।

## १.३ अध्ययन प्रतिवेदनको सीमा

देशमा संघीयता कार्यान्वयनमा आइसकेपश्चात तथ्याङ्क उपलब्ध गराउने कार्यालयहरुको पुर्नसंरचना भएको र तथ्याङ्क संगठित तथा व्यवस्थित गर्ने कार्यमा पूर्णता आइनसकेकाले कृषि उत्पादन, शिक्षा, स्वास्थ्य र पूर्वाधार लगायतका कतिपय तथ्याङ्क विवरणहरुमा समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन।

सेवा क्षेत्र अर्न्तगत पर्यटन सम्बन्धी तथ्याङ्कको हकमा यस क्षेत्रमा रहेका होटल तथा लजहरुवाट प्राप्त पर्यटक सम्बन्धी सीमित तथ्याङ्क (पर्यटक आगमन संख्या तथा औषत बसाई) विवरणलाई नै आधिकारिकता मानी विश्लेषण गरिएको छ।

विविध कारणले प्रदेशका ९ वटै जिल्लाहरुको स्थलगत भ्रमण गरि तथ्याङ्क संकलन गर्न नसकिएको र गैरस्थलगत माध्यमबाट समेत तथ्याङ्क संकलन गरिएकोले ति क्षेत्रहरुको यथार्थ वस्तुस्थिति बुझ्न सकिएको छैन।

तथ्याङ्क प्रदायक निकायहरुवाट समयमै तथ्याङ्क प्राप्त नहुने तथा प्राप्त तथ्याङ्कमा समेत एकरुपता हुन नसकेकोले प्रतिवेदन लेखन पूर्व निर्धारित समयमा सम्पन्न हुन सकेको छैन।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनमा ७ वटा परिच्छेद रहेका छन्। परिच्छेद १ मा अध्ययन प्रतिवेदनको पृष्ठभूमि, तर्जुमा विधि र सीमा सहितको परिचय प्रस्तुत गरिएको छ। परिच्छेद २ मा कृषि, उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति प्रस्तुत गरिएको छ। त्यसैगरी परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारी क्षेत्रको विवरण समावेश गरिएको छ भने परिच्छेद ७ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ।


# परिच्छेद २

# कृषि उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति

## २.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७९/८० मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु. ३ खर्ब ७६ अर्ब हुने अनुमान गरिएको छ भने गत आर्थिक वर्षको संशोधित अनुमान रु. ३ खर्ब ४५ अर्ब रहेको छ । गत आर्थिक वर्षमा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशले ७ प्रतिशत हिस्सा ओगटेको थियो भने आर्थिक वर्ष २०७९/८० मा पनि यस प्रदेशको योगदान ७ प्रतिशत नै हुने अनुमान गरिएको छ। आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ४.७८ प्रतिशत थियो भने आर्थिक वर्ष २०७९/८० मा संकुचन भई १.७८ प्रतिशत हुने अनुमान गरिएको छ। सुदूरपश्चिम प्रदेशको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान ३३.४ प्रतिशत कृषि क्षेत्रको रहेको छ भने सबैभन्दा कम योगदान ०.१ प्रतिशत प्रशासनिक सहयोगी सेवा सम्बन्धी कार्यहरुको रहेको छ ।

चित्र २.१ : प्रदेशस्तरीय कुल गार्हस्थ्य उत्पादनको हिस्सा




## २.२ अन्तर प्रदेश तुलना

केन्द्रीय तथ्याङ्क विभागद्वारा जारी आर्थिक वर्ष २०७९/८० को प्रादेशिक कुल गार्हस्थ्य उत्पादन सम्बन्धी प्रतिवेदनका अनुसार चालु आर्थिक वर्षमा सबै प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर गत आर्थिक वर्षको आर्थिक वृद्धिदर भन्दा घट्ने अनुमान गरिएको छ। विश्वव्यापी रुपमा खलबलिएको आपूर्ति श्रृंखला तथा पेट्रोलियम पदार्थ लगायतका बस्तुमा भएको मूल्य वृद्धिको असर हाम्रो अर्थतन्त्रमा पनि परेको छ ।

### (क) कुल गार्हस्थ्य उत्पादन:

आर्थिक वर्ष २०७९/८० मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु.५३ खर्ब ८१ अर्ब हुने अनुमान गरिएकोमा ३६.८ प्रतिशत योगदान सहित सबैभन्दा बढी बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. १९ खर्ब ८१ अर्ब रहने अनुमान छ। सबैभन्दा कम हिस्सा ४.१ प्रतिशतको योगदान सहित कर्णाली प्रदेशको करिब रु. २ खर्ब २१ अर्ब हुने अनुमान गरिएको छ। अघिल्लो आर्थिक वर्षजस्तै आर्थिक वर्ष २०७९/८० मा पनि बागमती

प्रदेशपछि कुल गार्हस्थ्य उत्पादनमा बढी योगदान पुऱ्याउने प्रदेशहरुमा क्रमशः कोशी प्रदेश, लुम्बिनी प्रदेश, मधेश प्रदेश, गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेश रहेका छन् । सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा करिब रु.३ खर्ब ७६ अर्ब हुने अनुमान गरिएको छ ।

### (ख) आर्थिक वृद्धिः

आर्थिक वर्ष २०७९/८० मा राष्ट्रिय तहमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (उपभोक्ता मूल्यमा) १.८६ प्रतिशत हुने अनुमान गरिएको छ । गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ३.३ प्रतिशत, बागमती प्रदेशको वृद्धिदर सबैभन्दा कम १.४ प्रतिशत र सुदूरपश्चिम प्रदेशको वृद्धिदर १.८ प्रतिशत रहने अनुमान गरिएको छ । गत आर्थिक वर्षमा गण्डकी प्रदेशको वृद्धिदर सबै भन्दा बढी ६.३५ प्रतिशत तथा मधेश प्रदेशमा सबै भन्दा कम वृद्धिदर ४.६ प्रतिशत रहेको थियो ।

### (ग) क्षेत्रगत योगदानः

आर्थिक वर्ष २०७९/८० मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान सवैभन्दा बढी मधेश प्रदेशको ३५.२० प्रतिशत हुने अनुमान गरिएको छ । उद्योग क्षेत्रको योगदान तर्फ सबैभन्दा बढी गण्डकी प्रदेशको १८.१ प्रतिशत र सेवा क्षेत्रको योगदान तर्फ सबैभन्दा बढी बागमती प्रदेशको ७७.४ प्रतिशत रहने अनुमान गरिएको छ । प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सुदूरपश्चिम प्रदेशको कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३३.४ प्रतिशत, १३.५ प्रतिशत र ५३.१ प्रतिशत रहने अनुमान छ ।

**तालिका २.१ : प्रादेशिक आर्थिक परिसूचकहरु**
**(आर्थिक वर्ष २०७९/८०)**

| आर्थिक परिसूचक | कोशी प्रदेश | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ८४९.६५ | ७०७.५१ | १९८१.३३ | ४८२.०१ | ७६२.९७ | २२१.५३ | ३७६.३३ | ५३८१.३३ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.८ | १३.१ | ३६.८ | ९.० | १४.२ | ४.१ | ७.०० | १०० |
| आर्थिक वृद्धिदर (प्रतिशत) | २.० | १.६९ | १.४४ | ३.२६ | २.०६ | १.९१ | १.७८ | १.८६ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.७ | १९.१ | १७.१ | ९.६ | १७.५ | ५.३ | ९.७ | १०० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.८ | ११.२ | ३१.३ | १२.१ | १५.५ | ३.१ | ७.०० | १०० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.६ | ११.२ | ४५.७ | ८.१ | १२.६ | ३.९ | ५.९ | १००. |
| **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)** | | | | | | | | |
| कृषि क्षेत्र | ३३.१५ | ३५.२० | ११.२० | २५.९० | २९.८० | ३०.८० | ३३.४० | २४.१० |
| उद्योग क्षेत्र | १६.९० | ११.४० | ११.४० | १८.१० | १४.७० | १०.३० | १३.५० | १३.५० |
| सेवा क्षेत्र | ४९.९५ | ५३.४० | ७७.४० | ५६.०० | ५५.५० | ५८.९० | ५३.१० | ६२.४० |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

## २.३ सुदूरपश्चिम प्रदेशको भूभाग र जनसंख्या

सुदूरपश्चिम प्रदेशमा ९ जिल्ला रहेका छन । नेपालको सुदूर पश्चिममा अवस्थित हिमालदेखि तराईसम्म फैलिएको यस प्रदेशले नेपालको कुल भू-भागको १३.२३ प्रतिशत क्षेत्रफल (१९,५१६ वर्ग कि.मि.) ओगटेको छ । प्रशासनिक हिसाबले यस प्रदेशलाई ९ जिल्ला, १ उपमहानगरपालिका, ३३ नगरपालिका र ५४ गाँउपालिका गरी ८८ स्थानीय तहमा विभाजन गरिएको छ । २०७८ सालको जनगणना अनुसार यस प्रदेशको कुल जनसंख्या २७,११,२७० जना रहेको छ । यसको विस्तृत विवरण देहायबमोजिम रहेको छ ।

### तलिका २.२ : सुदूरपश्चिम प्रदेशको जिल्लागत जनसंख्याको विवरण

| जिल्ला | जनसंख्या २०६८ | | | जनसंख्या २०७८ | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| दार्चुला | ६३,६०५ | ६९,६६९ | १३३,२७४ | ६५,३४९ | ६९,७०७ | १३५,०५६ |
| बैतडी | ११७,४०७ | १३३,४९१ | २५०,८९८ | ११५,४२६ | १२८,९७४ | २४४,४०० |
| डडेलधुरा | ६६,५५६ | ७५,५३८ | १४२,०९४ | ६५,९३० | ७३,४९० | १३९,४२० |
| कञ्चनपुर | २१६,०४२ | २३५,२०६ | ४५१,२४८ | २४३,५९८ | २७४,०४७ | ५१७,६४५ |
| बझाङ्ग | ९२,७९४ | १०२,३६५ | १९५,१५९ | ८८,९८८ | १००,१०९ | १८९,०९७ |
| बाजुरा | ६५,८०६ | ६९,१०६ | १३४,९१२ | ६७,६०८ | ७१,३९० | १३८,९९८ |
| डोटी | ९७,२५२ | ११४,४९४ | २११,७४६ | ९५,०६६ | ११०,६१७ | २०५,६८३ |
| अछाम | १२०,००८ | १३७,४६९ | २५७,४७७ | १०६,२४० | १२३,५७६ | २२९,८१६ |
| कैलाली | ३७८,४१७ | ३९७,२९२ | ७७५,७०९ | ४३९,७९२ | ४७१,३६३ | ९११,१५५ |
| जम्मा | १,२१७,८८७ | १,३३४,६३० | २,५५२,५१७ | १,२८७,९९७ | १,४२३,२७३ | २,७११,२७० |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

## २.४ प्रादेशिक क्षमता, चुनौती तथा सम्भावना

### २.४.१ प्रादेशिक क्षमता तथा सम्भावना

१. सुदूरपश्चिम प्रदेशका तराई तथा पहाडका जिल्लाहरुमा कृषि क्षेत्रमा सीप, पुँजी, प्रविधिको प्रयोगमार्फत् उत्पादन प्रक्रियाको यान्त्रिकीकरण र आधुनिकीकरण, भूमिको बैज्ञानिक उपयोग, विशिष्टिकृत कृषि प्रणालीको विकास गरी गरिबी निवारण गर्दै प्रदेशको दिगो आर्थिक विकास तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिनुका साथै, जडिबुटी प्रशोधन उद्योगहरु सञ्चालन गरेर यस क्षेत्रको आर्थिक विकासमा टेवा पुऱ्याउन सकिने ।

२. सुदूरपश्चिम प्रदेश सरकारले हालै तर्जुमा गरेको १५ बर्षीय कृषि विकास रणनीति तथा आ.व २०७९/८० को प्रादेशिक बजेटमा उल्लेखित कृषि विकाससंग सम्बन्धित विभिन्न नीतिहरुको प्रभावकारी कार्यान्वयन हुन सके प्रदेशको कृषि क्षेत्र आत्मनिर्भर, समावेशी र दिगो हुन सक्ने सम्भावना रहेको ।

३. सुदूरपश्चिम प्रदेश सरकारले आगामी पाँच वर्षभित्र दलहन, मसला बाली र फलफुलमा आत्मनिर्भर हुने गरी "कृषिमा आत्मनिर्भर सुदूरपश्चिम प्रदेश अभियान" सञ्चालन गर्ने योजना भएकोले उक्त कार्यक्रमबाट भटमास, ओखर, सुन्तला, स्याउ, अदुवा, खाद्यान्न, बीउ, दुध, मासु र अण्डामा आत्मनिर्भर भई आन्तरिक उत्पादन विस्तार गर्ने सम्भावना देखिएको ।

४. प्रमुख नगदे बालीहरुको पकेट क्षेत्र विस्तार गर्ने, उचित मूल्य निर्धारण गर्ने तथा आधुनिक प्रविधिको माध्यमबाट उत्पादन वृद्धि भई आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्न सक्ने उच्च सम्भावना रहेको ।

५. यस प्रदेशको कुल क्षेत्रफलको ५७ प्रतिशत बन क्षेत्र रहेको हुँदा वन पैदावारमा आधारित उद्योगहरुको सम्भावना रहेको ।

६. दैजी छेला औद्योगिक क्षेत्र र सुख्खा बन्दरगाह औद्योगिक क्षेत्रका लागि आवश्यक पूर्वाधारहरु (औद्योगिक क्षेत्र, उद्योग ग्राम, सडक, विद्युत् आयोजना आदि) को निर्माणमा तीव्रता दिन सके औद्योगिक विकासको प्रचूर सम्भावना रहेको ।

७. प्रदेशभित्र रहेका महत्वपूर्ण ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा साहसिक पर्यटकीय क्षेत्रको प्रचार-प्रसार तथा पर्यटन पूर्वाधारमा लगानी गर्न सके प्रदेशमा पर्यटन प्रवर्द्धन गर्न सकिने ।

८. प्रदेश गौरवका आयोजनाहरु जस्तै सहजपुर-दिपायल-बोगटान सडक, खप्तड-मार्तडी सडक, सतबाझ-श्रीभावर सडक आदीको निर्माण तथा स्तारोन्नती कार्य तीव्र गतिमा अघि बढेमा आर्थिक गतिविधि थप विस्तार हुने सम्भावना रहेको ।

### २.४.२ सुदूरपश्चिम प्रदेशका चुनौतीहरु

१. कृषि तथा वनजन्य उपजहरुको उत्पादनका लागि विभिन्न कार्यक्रमहरु सरकारबाट सञ्चालन भएतापनि उक्त उत्पादनहरुको सहज संकलन, भण्डारण र बजारीकरणको अभाव रहेको ।

२. प्रदेशमा High Seasonal Migration रहेकोले परनिर्भर अर्थतन्त्र निर्माण भईरहेको । साथै, खुला सिमानाका कारण प्रदेशबाट भारत रोजगारमा जाने श्रमिकहरुको सामाजिक सुरक्षा, उचित श्रम अभ्यास, उचित पारिश्रमिक, आवश्यक नियमन, कार्यरत श्रमिकहरुका बारे यथार्थ तथ्याङ्क उपलब्ध नभएको ।

३. प्रदेशको ८० प्रतिशत जनसंख्याको मुख्य पेशा कृषि रहेको भएता पनि सो क्षेत्रमा धेरैजसो रोजगारी अनौपचारिक क्षेत्रमा रहेको तथा ७० प्रतिशत उत्पादन निर्वाहमुखी रहेकोले कृषि क्षेत्रको व्यवसायीकरण, यान्त्रिकिकरण र औद्योगिकिकरण चुनौतीपूर्ण रहेको ।

४. प्रदेशका योजना कार्यान्वयनको गति कमजोर रहेको । प्रदेशका हिमाल, पहाड र तराईका जिल्लाहरु बीचको विद्यमान आर्थिक असमानताको दूरी कम गर्न जिल्लाहरुसँग जोड्ने विभिन्न योजनाहरु निर्धारित समयमै कार्यान्वयन गर्ने काम चुनौतीपूर्ण रहेको । उदाहरणका लागि गत आ.व.मा रानी जमरा कुलरीया सिचाई योजना ५८ प्रतिशत सम्पन्न भएकोमा यस आ.व.को पुष मसान्तसम्म ६३ प्रतिशत मात्र सम्पन्न भएको । यसरी योजनाहरु लक्षित समयमा सम्पन्न नहुनु र सधैं Work In Progress हुनुले प्रदेशको समग्र आर्थिक विकासको गति कमजोर हुन पुगेको ।

५. प्रदेशका अथाह सम्भावना भएका क्षेत्रहरुको उत्खनन, प्रशोधन र अध्ययन अनुसन्धानको कमीले प्रादेशिक औद्योगिक र उद्यमशीलता विकासको गति न्यून रहेको ।

६. प्रदेशका दुर्गम स्थलहरुमा वित्तीय पूर्वाधारको विकास तथा वित्तीय साक्षरता अभिवृद्धिमार्फत वित्तीय पहुँच विस्तार गर्ने, आवश्यक पूर्वाधार निर्माण गर्ने, निक्षेप संकलन तथा कर्जा परिचालन, दक्ष जनशक्ति निर्माण मुख्य चुनौतीको रुपमा रहेको । यस प्रदेशको बझाङ्ग स्थित साईपाल गाउँपालिकामा हालसम्म पनि बैंक शाखा पुग्न नसकेको ।

७. प्रदेशको राजस्व संकलन गर्ने क्षमता न्यून रहेको अवस्थामा प्रदेशको स्रोत साधनको उपलब्धताबीचको खाडल पूर्ति गर्ने कार्य चुनौतीपूर्ण रहेको ।

८. भारतसँगको खुला सीमा नाकाको कारण हुन सक्ने सम्भावित भन्सार छली, पैठारी जस्ता कार्यहरु नियन्त्रण गरी स्थानीय उत्पादन, व्यवसाय तथा उद्योग प्रवर्द्धन गर्ने ।

# परिच्छेद ३

# कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र


समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्र १.२० प्रतिशतले ह्रास आएको छ । गत वर्षको यसै अवधिमा यस्तो क्षेत्रफल १.३१ प्रतिशतले ह्रास आएको थियो ।

**३.१.१ खाद्य तथा अन्य बाली** : समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा २.३० प्रतिशतले ह्रास आएको छ। गत वर्ष सोही अवधिमा यस्तो क्षेत्रफलमा १.४३ प्रतिशतले ह्रास भएको थियो। समीक्षा अवधिमा धान बालीले ढाकेको क्षेत्रफल ६.६३ प्रतिशतले घटेको छ । फापर, भटमास, आलु, कोदो र उखुको क्षेत्रफल क्रमशः १११.९८ प्रतिशत, ४५.३३ प्रतिशत, २१.३५ प्रतिशत, २०.३५ प्रतिशत र ८.२४ प्रतिशतले वृद्धि भएको छ। दलहन र तेलहनले ढाकेको क्षेत्रफल क्रमशः २२.७४ र ६.२४ प्रतिशतले ह्रास आएको छ।

**३.१.२ तरकारी तथा बागवानी :** समीक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल १०.६५ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष सोही अवधिमा यस्तो क्षेत्रफल २.३५ प्रतिशतले ह्रास आएको थियो।

**३.१.३ फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसलाले ढाकेको क्षेत्रफल ४.६४ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षमा यस्तो क्षेत्रफल २.२८ प्रतिशतले वृद्धि भएको थियो।

चित्र ३.१ : प्रमुख खाद्य तथा अन्य बालीको जिल्लागत क्षेत्रफल स्थिति (हेक्टरमा)




**जिल्लागत स्थिति** : समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ३५.१५ प्रतिशत र डडेल्धुरा जिल्लाको सबैभन्दा कम ४.१२ प्रतिशत रहेको छ। समीक्षा अवधिमा तरकारी तथा वागवानीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४६.५० प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम १.८९ प्रतिशत रहेको छ। त्यसै गरी फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफलमा कैलाली

जिल्लाको हिस्सा सबैभन्दा बढी ४१.४५ प्रतिशत र बैतडी जिल्लाको हिस्सा सबैभन्दा कम ३.६६ प्रतिशत रहेको छ ।

### तालिका ३.१ : कृषि उपजले ढाकेको भू-क्षेत्र २०७९-८० (साउन-पुस)

| जिल्ला | क्षेत्रफल (हेक्टरमा) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला |
| दार्चुला | १४,३९६ | १,०७६ | ९३२.५ | ४.५९ | ४.५२ | ५.१४ |
| बैतडी | २०,५४७ | ९८० | ६६४.१ | ६.५५ | ४.१२ | ३.६६ |
| डडेलधुरा | १२,९४५ | १,३९४ | २,४६७ | ४.१२ | ५.८६ | १३.६१ |
| कञ्चनपुर | ७२,४५० | ३,७६० | १,२२७ | २३.०८ | १५.८२ | ६.७७ |
| बझाङ | १८,०७८ | ७०० | १,३०३ | ५.७६ | २.९४ | ७.१९ |
| बाजुरा | १५,५५५ | ४५० | ९६७ | ४.९५ | १.८९ | ५.३४ |
| डोटी | २५,३८२ | ३,६६० | २,३३५ | ८.०९ | १५.४० | १२.८८ |
| अछाम | २४,२२७ | ६९८ | ७१६ | ७.७२ | २.९४ | ३.९५ |
| कैलाली | १,१०,३४८ | ११,०५२ | ७,५१३ | ३५.१५ | ४६.५० | ४१.४५ |
| **जम्मा** | **३,१३,९२८** | **२३,७७०** | **१८,१२५** | **१००.००** | **१००.००** | **१००.००** |

*स्रोतः कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय ।*

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) को उत्पादन १५.१८ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीको उत्पादन १०.०६ प्रतिशतले ह्रास आएको थियो ।


समीक्षा अवधिमा तराईका जिल्लाहरुमा रसायनिक मलको उपलब्धता, सिंचाईको क्षेत्रफलमा विस्तार, उन्नत र हाईब्रिड जातको बीउ प्रयोगमा वृद्धि, कैलालीको दक्षिण-पूर्वी क्षेत्रमा चैते धान खेतीमा बढ्दो आकर्षण, गत वर्ष धान बाली पाक्ने समयको बेमौसमी बर्षाका कारण धानबाली क्षति पुगेकोमा यस वर्ष मौसम अनुकुल रहनु, साना सिंचाई योजनाहरुको निर्माण तथा पुराना कुलोहरुको मर्मतसम्भार आदि कारणले गर्दा कृषि उत्पादन वृद्धि भएको देखिन्छ ।

### ३.२.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन १७.१४ प्रतिशतले वृद्धि भएको छ । प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी फापरको उत्पादन १०८.९ प्रतिशतले वृद्धि भएको छ भने दलहनको उत्पादनमा २२.४७ प्रतिशतले ह्रास आएको छ। क्षेत्रफल विस्तार, रैथाने बालीको संरक्षण, संवर्द्धन, कृषकहरुलाई तालिम, बजार पहिचान र व्यापारीसँगको सम्पर्क विस्तारमा कृषि ज्ञान केन्द्रको सहजीकरण लगायतका कारणले गर्दा यो वर्ष बाजुराको फापर उत्पादनमा उल्लेख्य बृद्धि भएको छ ।

जिल्लागत आधारमा अछाम, डडेल्धुरा र बैतडी जिल्लामा खाद्य तथा अन्न बालीको उत्पादनमा ह्रास आएको छ भने अन्य जिल्लाहरुमा उत्पादनमा वृद्धि भएको छ । यस्ता बालीको उत्पादन सबैभन्दा बढी बझाङ्ग जिल्लामा ५४.१४ प्रतिशतले वृद्धि भएको छ भने अछाम जिल्लामा २५.०२ प्रतिशतले ह्रास आएको छ ।

### चित्र ३.२ : प्रमुख खाद्यान्न बालीको उत्पादन स्थिति (हजार मेट्रिक टनमा)




**३.२.२. तरकारी :** समीक्षा अवधिमा तरकारीको उत्पादनमा ११.३१ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष सोही अवधिमा तरकारी उत्पादन ०.५४ प्रतिशतले ह्रास आएको थियो । जिल्लागत आधारमा तरकारीको समग्र उत्पादन सबैभन्दा बढी कैलाली जिल्लामा ५८.६० प्रतिशतले वृद्धि भएको छ भने कञ्चनपुर जिल्लामा २७.०६ प्रतिशतले ह्रास आएको छ ।

**३.२.३. फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन ५.७८ प्रतिशतले बढेको छ। यस समूह अन्तर्गत सुन्तला उत्पादन ६.४१ प्रतिशत, आँप उत्पादन ९.१६ प्रतिशत, केरा उत्पादन ४.०२ प्रतिशत र मसला उत्पादन १२.५० प्रतिशतले वृद्धि भएको छ भने स्याउ उत्पादनमा २५.०७ प्रतिशतले र अन्य फलफूल उत्पादन ५.३९ प्रतिशत ह्रास भएको छ । समीक्षा अवधिमा जिल्लागत आधारमा सबैभन्दा बढी बझाङ जिल्लामा फलफूल तथा मसला बालीको समग्र उत्पादन ३१.३५ प्रतिशतले बढेको छ भने बैतडी जिल्लामा २४.६४ प्रतिशतले ह्रास आएको छ ।

### तालिका ३.२ : कृषि बालीको उत्पादन २०७९/८० (साउन-पुस)


| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला |
| **दार्चुला** | ३९६२८ | १२९०६ | ५९८२ | २.७९ | ४.६९ | ३.७४ |
| **बैतडी** | ५८९८५ | ७०५० | ३१६५ | ४.१६ | २.५६ | १.९८ |
| **डडेलधुरा** | ४३०५९ | २००५० | ११४०१ | ३.०४ | ७.२८ | ७.१३ |
| **कञ्चनपुर** | ५९९५१९ | ५६५१५ | १७३५१ | ४२.२७ | २०.५२ | १०.८६ |
| **बझाङ** | ५०४७५ | ९१०० | १२७७९ | ३.५६ | ३.३० | ८.०० |
| **बाजुरा** | ३९४४८ | ४९६७ | ६४९२ | २.७८ | १.८० | ४.०६ |
| **डोटी** | ८३९२९ | २९५२१ | १९९६८ | ५.९२ | १०.७२ | १२.४९ |
| **अछाम** | ४७७६१ | ९४६६ | २४६२.९ | ३.३७ | ३.४४ | १.५४ |
| **कैलाली** | ४५५४७२ | १२५८१० | ८०२२१ | ३२.११ | ४५.६९ | ५०.१९ |
| **जम्मा** | **१४१८२७६** | **२७५३८५** | **१५९८२१.७** | **१००.००** | **१००.००** | **१००.००** |

*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय ।*

**जिल्लागत स्थिति :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा कञ्चनपुर जिल्लाको हिस्सा सबैभन्दा बढी ४२.२७ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम २.७८ प्रतिशत रहेको छ । तरकारी तथा वागवानी उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४५.६९ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम १.८०

प्रतिशत रहेको छ । त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीको उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ५०.१९ प्रतिशत र अछाम जिल्लाको हिस्सा सबैभन्दा कम १.५४ प्रतिशत रहेको छ । **(तालिका ४)**

चित्र ३.३ : प्रमुख खाद्य तथा अन्य बालीको जिल्लागत उत्पादन स्थिति (हजार मेट्रिक टनमा)




## ३.३. पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

**३.३.१ पशुपंन्छी उत्पादन :** समीक्षा अवधिमा दूध उत्पादन ५.२३ प्रतिशतले बढेको छ ।  गत वर्ष सोही अवधिमा दूध उत्पादन २.३४ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा मासुजन्य उत्पादन ४.०९ प्रतिशतले बढेको छ भने गत वर्ष सोही अवधिमा मासु उत्पादन २.८९ प्रतिशतले घटेको थियो । मासुजन्य उत्पादन तर्फ सुंगुर/बंगुरको मासु उत्पादन ५.५९ प्रतिशत, कुखुरा तथा हाँसको मासु उत्पादन ५.११ प्रतिशत, खसी/बोका/भेडाको मासु उत्पादन ४.७९ प्रतिशत, भैंसी/राँगोको मासु उत्पादन २.८७ प्रतिशतले बढेको छ ।

तालिका ३.३ : प्रमुख पशुपंक्षीजन्य उत्पादन २०७९/८० (साउन-पुस)

| जिल्ला | उत्पादन | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटरमा) | मासु (मेट्रिक टन) | अन्डा (हजार गोटा) | दूध (हजार लिटरमा) | मासु (मेट्रिक टन) | अन्डा (हजार गोटा) |
| दार्चुला | ८,४९३ | १,१३५ | २७२ | ५.४६ | ३.२७ | ०.४४ |
| बैतडी | ८,८०४ | १,५३४ | १,७९४ | ५.६६ | ४.४२ | २.८९ |
| डडेलधुरा | ४,१५५ | ७७१ | २३७.५२ | २.६७ | २.२२ | ०.३८ |
| कञ्चनपुर | ११,४४० | ४,३६६ | १०,६३१ | ७.३५ | १२.५७ | १७.११ |
| बझाङ | २,६०१ | २,९३५ | १५०० | १.६७ | ८.४५ | २.४१ |
| बाजुरा | ७,६४३ | ८३६ | ९७९ | ४.९१ | २.४१ | १.५८ |
| डोटी | ११,०७८ | १,३४१ | ३,६३१ | ७.१२ | ३.८६ | ५.८४ |
| अछाम | ११,३२२ | २,४७४ | ३,६०२ | ७.२७ | ७.१२ | ५.८० |
| कैलाली | ९०,१४५ | १९,३५० | ३९,४९१ | ५७.९० | ५५.७० | ६३.५५ |
| जम्मा | **१५५,६८१** | **३४,७४२** | **६२,१३८** | **१००.००** | **१००.००** | **१००.००** |

*स्रोत: भेटेरिनरी अस्पताल तथा पशुविज्ञ केन्द्रहरु, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय ।*

समीक्षा अवधिमा अण्डा उत्पादन ४.०९ प्रतिशत, उन उत्पादन ०.६८ प्रतिशत, हाड उत्पादन १०० प्रतिशत र छाला उत्पादन ३.८४ प्रतिशतले बढेको छ । गत वर्ष सोही अवधिमा अण्डा उत्पादन ८.९९ प्रतिशतले घटेको, हाड उत्पादन ०.९६ प्रतिशत र छाला उत्पादन ०.४३ प्रतिशतले बढेको थियो भने ऊन उत्पादन ०.५६ प्रतिशतले बढेको


थियो । समीक्षा अवधिमा माछा उत्पादन ३.६२ प्रतिशतले वृद्धि भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा माछा उत्पादन ५.४२ प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा अवधिमा वनजन्य उत्पादन तर्फ औषधीजन्य वस्तु उत्पादनमा १५.८९ प्रतिशत तथा अन्य उत्पादनमा ०.१२ प्रतिशतले वृद्धि भएको छ भने काठ उत्पादनमा ७०.६४ प्रतिशतले तथा दाउरा उत्पादनमा २७.७९ प्रतिशतले ह्रास आएको छ । गत आर्थिक वर्षको सोही अवधिमा काठ उत्पादनमा १३.७१ प्रतिशत र अन्य उत्पादनमा ६.८८ प्रतिशतले वृद्धि भएको थियो भने औषधि जन्य उत्पादनमा ४७.१३ प्रतिशत र दाउरा उत्पादनमा १९ प्रतिशतले ह्रास आएको थियो ।

## ३.४ सिँचाई

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा कुल सिँचित क्षेत्रफल ०.४८ प्रतिशतले वृद्धि भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा सिँचित क्षेत्रफल ६.५४ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशमा कुल खेती गरिएको भू-भागमध्ये ३५.५७ प्रतिशत क्षेत्रफल सिँचित रहेको छ । कुल सिँचित क्षेत्रफलमध्ये ३५.७३ प्रतिशत पोखरीबाट, १.६८ प्रतिशत कुलोबाट र १.८० प्रतिशत नहरबाट सिँचित भएको देखिन्छ ।

चित्र ३.४ : सिँचाई सुविधा (हजार हेक्टरमा)





## ३.५ क्षेत्रगत कृषि कर्जा

२०७९ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा कृषिमा प्रवाहित कर्जा २०७९ असार मसान्तको तुलनामा २०.८३ प्रतिशतले वृद्धि भई रु.१५ अर्ब ५५ करोड ४९ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा २३.३८ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु. ३ अर्ब ६७ करोड १३ लाख कर्जा अन्य कृषि तथा कृषिजन्य सेवामा प्रवाह भएको छ भने सबैभन्दा कम रु. ५ लाख सनपाटमा प्रवाह भएको छ ।

समीक्षा अवधिमा कुल कर्जामध्ये कृषि क्षेत्रतर्फ प्रवाहित कर्जाको अंश ११.९४ प्रतिशत रहेको छ । कृषि क्षेत्रमा प्रवाहित कर्जामध्ये कैलाली जिल्लाको अंश ६४.४ प्रतिशत, कञ्चनपुरको १९.७७ प्रतिशत, डडेल्धुरा, अछाम, डोटी, दार्चुला, बैतडी, बझाङ, तथा बाजुराको अंश क्रमशः ३.८६ प्रतिशत, २.९२ प्रतिशत, २.४२ प्रतिशत, १.९९ प्रतिशत, १.९८ प्रतिशत, १.७९ प्रतिशत र ०.८७ प्रतिशत रहेको छ ।

चित्र ३.५ : क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था (रु. दश लाखमा)





स्रोत : ***नेपाल राष्ट्र बैंक।***

## ३.६ सहुलियतपूर्ण कर्जा

२०७९ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुबाट सुदूरपश्चिम प्रदेशमा प्रवाह भएको सहुलियतपूर्ण कर्जा २०७९ असार मसान्तको तुलनामा १३.६५ प्रतिशतले वृद्धि भई १० अर्ब ४२ करोड ८ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा २.२६ प्रतिशतले घटेको थियो।

चित्र ३.६ : सहुलियतपूर्ण कर्जा प्रवाहको स्थिति (रु.दश लाखमा)




*जिल्लागत स्थिति : शीर्षक अनुसार प्रवाहित भएको कर्जामध्ये क्षेत्रगत कृषि कर्जा, सहुलियपूर्ण कर्जामा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी रहेको छ भने बाजुरा जिल्लाको हिस्सा सबैभन्दा कम रहेको छ।*

तालिका ३.४ : जिल्लागत रुपमा कर्जाको प्रवाहको अवस्था २०७९/८० (साउन-पुस)

| जिल्ला | कर्जा प्रवाह (रु.करोडमा) | | हिस्सा (प्रतिशत) | |
|---|---|---|---|---|
| | क्षेत्रगत कृषि कर्जा | सहुलियपूर्ण कर्जा | क्षेत्रगत कृषि कर्जा | सहुलियपूर्ण कर्जा |
| **दार्चुला** | ३५ | २२ | १.९९ | २.१३ |
| **बैतडी** | ३५ | २० | १.९८ | १.९२ |
| **डडेलधुरा** | ६९ | ४५ | ३.८६ | ४.२७ |
| **कञ्चनपुर** | ३५५ | २६५ | १९.७७ | २५.४५ |
| **बझाङ** | ३२ | २० | १.७९ | १.९४ |
| **बाजुरा** | १६ | ६ | ०.८७ | ०.६२ |
| **डोटी** | ४३ | ३६ | २.४१ | ३.४१ |
| **अछाम** | ५२ | १९ | २.९२ | १.७८ |
| **कैलाली** | ११५५ | ६०९ | ६४.४० | ५८.४७ |
| **जम्मा** | **१७९३** | **१०४२** | **१००.००** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ३.७ कृषि क्षेत्रका सम्भावना र चुनौतीहरु

### सम्भावनाहरु:

१. प्रदेशलाई बिउमा आत्मनिर्भर बनाउन र आयात प्रतिस्थापन गर्न किसान समूह, किसान सहकारीमार्फत खाद्यान्न र तरकारी बालीको बिजवृद्धि कार्यक्रम सञ्चालन हुनु ।
२. "नमूना गाउँ आफै बनाऔं" भन्ने नाराका साथ प्रदेशको गौरवको आयोजनाको रुपमा नमूना गाउँ स्थापना गर्दै कृषि तथा पशुपक्षी क्षेत्रको उत्पादन, बजारीकरण र व्यवसायीकरण मार्फत युवालाई कृषिमा रोजगारी प्रदान गर्ने उद्देश्यले मुख्यमन्त्री कृषि तथा पशुपंक्षी विकास कार्यक्रम नौ जिल्लामा सञ्चालनमा रहेको ।
३. कैलाली र कञ्चनपुर जिल्लाहरु उखुखेतीका लागि उपयुक्त रहेको एवम् कञ्चनपुर जिल्लामा दुईवटा चिनी मिल सञ्चालनमा रहेकाले उखुखेतीको प्रशस्त सम्भावना रहेको ।
४. सुदूरश्चिम प्रदेशको कृषि विकास रणनीति (२०७९/८०-२०९३/९४) को निर्माण हुनु ।
५. यस प्रदेशका पहाडी जिल्लाहरुमा डालेघाँसको लागि उपयुक्त हावापानी रहेकोले बाखा लगायत अन्य पशुपालनको लागि उपयुक्त रहेको ।
६. बगर खेती, जैविक खेती, बनस्पती खेती, कुरिल्लो, घ्यूकुमारी, अमला, बेल, रुद्राक्ष जस्ता बनस्पति खेतीलाई प्रोत्साहन गरी युवा लक्षित कृषि कार्यक्रमहरु प्रोत्साहन गर्न सकिने ।
७. रैथाने जातका बालीलाई प्रोत्साहन, स्थान विशेष अनुसारको बाली लगाई कृषिलाई Profitable Enterprises को रूपमा विकास गर्न सकिने ।
८. कृषि तथा पशुपन्छी बीमालाई अनुदानसँग जोड्न सकिने ।
९. धेरै भिरालो जग्गामा Slope Agricultural Land Technology प्रयोग गरी प्रदेशका पहाडी भिराला भूभागहरुको पनि सदुपयोग गरी कृषि उत्पादकत्व वृद्धि गर्न सकिने ।
१०. व्यवसायिक कृषि विकासका लागि करार खेती प्रणालीको विकास हुनु ।

### चुनौतीहरु:

१. किसानमैत्री कृषि मेसिनरी तथा औजार उपकरणको विकास र उपलब्धता सुनिश्चित गर्नु ।

२. चाहिएको समय र परिमाणमा गुणस्तरीय बीउवीजन र मलखादको अनुपलब्धता हटाई सो सम्बन्धी आपूर्ति प्रणाली सुदृढीकरण गर्दै स्वदेशमै उत्पादित बिउ र मलखादको प्रवर्द्धन मार्फत् आत्मनिर्भरता बढाउनु । साथै विषादीहरुको जथाभावी प्रयोग न्यूनीकरण गर्न आवश्यक रहेको ।

३. किसान र कृषि उद्यमहरुको आवश्यकतालाई सम्बोधन गर्ने विकेन्द्रीकृत अनुसन्धान प्रणालीको विकास गर्नु ।

४. प्रमुख कृषि उपजहरुको न्यूनतम समर्थन मूल्य ( Minimum support price) निर्धारण गरी विचौलियाको प्रभुत्व हटाउने ।

५. कृषि कर्जा, कृषि बीमा, कृषि अनुदान सम्बन्धी पर्याप्त ज्ञानको अभावले सो सुविधा नलिएका कृषकहरुलाई कृषि व्यवसायको जोखिम न्यूनीकरण तथा कृषि लगानीको सुरक्षाको प्रत्याभूति दिने, अनुदान वितरण कार्यलाई थप व्यवस्थित गर्ने तथा अनुदान वास्तविक किसानसम्म पुऱ्याउने ।

६. असंगठित रुपमा स्थानीय स्तरमा उपलब्ध जडिबुटी तथा औषधीजन्य विरुवाको संकलन एवं व्यापारका मुद्दाहरु, भारतबाट अवैध रुपमा आयात हुने वस्तुका कारण प्रदेशका कृषक तथा व्यापारीमा पर्ने समस्या न्यूनीकरण, स्वदेशी केरा बजारमा आएको समयमा भारतको केरा पनि आयात हुदाँ नेपाली कृषकहरूले सस्तोमा बेच्नु पर्ने बाध्यता ।

७. प्रदेशमा भूमिहिन, मुक्त कमैया, हलिया, हरुवा, चरुवा र कम्लरी जस्ता कमजोर समुदाय केन्द्रित कृषि व्यवसाय कार्यक्रमहरु ज्यादै सिमित रुपमा कार्यान्वयनमा रहेको हुँदा यि समूहहरुको नेतृत्वमा कृषि उद्यमहरुको विकास तथा प्रवर्द्धन गर्ने कार्य चुनौतीपूर्ण रहेको ।

८. पहाडी जिल्लाहरूमा Custom Hiring Center र Post Harvest Center लाई प्रभावकारी बनाउने ।

९. सक्रिय श्रमशक्तिलाई प्रदेश भित्रै कृषि व्यवसायमा संलग्न गराई सक्षम वातावरण सिर्जना मार्फत बसाँइ सराँइ कम गर्ने कार्य चुनौतीपूर्ण रहेको ।

## *बक्स १: कैलालीको धनगढीमा व्यवसायिक च्याउ खेती*

राष्ट्रिय स्तरमै व्यवसायिक कृषिको प्रोत्साहन भईरहेको समयमा सुदूरपश्चिम प्रदेशमा पनि कृषिमा व्यवसायिक खेतीतर्फ आकर्षण वृद्धि भईरहेको देखिन्छ । बढ्दो माग, रोजगार मैत्री, थोरै जग्गामा शुरु गर्न सकिने, महिला मैत्री, कम लगानी र छोटो अवधिमा राम्रो आम्दानी गर्न सकिने हुनाले शिक्षित युवाहरु पनि नगदे बालीको रुपमा रहेको च्याउको व्यावसायिक खेतीमा संलग्न छन् । विकट भौगोलिक क्षेत्रमा पनि उत्पादन गर्न सकिने हुनाले विशेषतः प्रदेशका पहाडी र दुर्गम जिल्लाहरुमा पनि च्याउ खेतीको महत्व रहेको छ ।




शिक्षामा स्नातकोत्तर गरेका कैलाली जिल्लाका मनोज राज पडालले कैलाली जिल्लाको धनगढी उप-महानगरपालिकास्थित बोराडाँडीमा फार वेष्टर्न एग्रो फार्म सञ्चालन गरिरहेका छन् । २०७२ साल जेठ १ गते देखि व्यवसायिक रुपमा खेती शुरु गरेका पडालले नेपाल च्याउ विउ उत्पादन केन्द्रमा ६ महिना तालिम लिएका हुन् । सुरुवातमा ५ टहरा बनाएर १५ सय व्यागबाट रु ५ लाखमा व्यवसाय गरेकोमा हाल ५० टहरामा २० हजार व्यागमा व्यवसाय विस्तार गरेको देखिन्छ । विगत ३ वर्ष देखि च्याउको विउ बनाउन प्रयोगशाला स्थापना गरेको यस फर्मले यस वर्ष अत्याधुनिक प्रविधिको प्रयोगशाला निर्माण गर्ने योजना बनाएको छ । प्रयोगशाला निजले आफ्नै जग्गामा सञ्चालन गरिरहेका छन् । विभिन्न स्थानमा गरी २.५ बिगाहमा हाल फार्म सञ्चालन गरिएको छ ।

व्यवसायिक रुपमा (Oyster) च्याउ खेती गरेतापनि Button Mushroom, Pink Oyster, Sporeless, Turtle Song, Milky Mushroom आदि जातका च्याउको पडालले अनुसन्धानका क्रममा सफल उत्पादन गरिसकेका छन् । यस फर्ममा महिला २२ र पुरुष ७ गरी जम्मा २९ जना कामदारहरु वर्षभरीमा करिब ८ महिना काम गर्ने गर्दछन् । वार्षिक लगभग १ टन उत्पादन हुने र १ करोड बराबरको विक्री हुने गरेको यस फार्ममा २० लाख बराबरको आम्दानी हुने गरको छ । पडालले हाल कैलाली जिल्लास्थित धनगढी, अत्तरीया, टिकापुर, कञ्चनपुरस्थित बेलौरी र आंशिक रुपमा पहाडी जिल्लामा समेत च्याउ विक्री गरिरहेका छन् । आंशिक रुपमा च्याउ प्रशोधन केन्द्र पनि सञ्चालनमा ल्याएका उनले च्याउको अचार, सुकुटी र मस्यौरा बनाई विक्री गर्ने गरेका छन् । फार्म सञ्चालनका लागि पडालले रु. ५० लाख कर्जा लिएका छन् ।



आगामी वर्ष अत्याधुनिक प्रयोगशाला निर्माण र व्यवसायिक रुपमा च्याउ प्रशोधन केन्द्र स्थापना गर्ने लक्ष्य लिईएको सञ्चालक पडालले जानकारी दिएका छन् ।

च्याउ टिपेपछि उपभोक्ता सम्म नपुगुन्जेल नोक्सान हुनबाट बचाउन, ढुवानी, भन्डारण र बजार व्यवस्थापन कार्य चुनौतीपूर्ण रहेको छ ।

***स्रोत :** फार वेष्टर्न एग्रो फार्म, बोराडाँडी-३, धनगढी ।*

# परिच्छेद ४

# उद्योग क्षेत्र

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी


यस प्रदेशमा खाने तेल, प्रशोधित दूध, गहुँको पिठो, चामल, चिनी, काठ, साबुन, ईटाँ, रोजिन एण्ड टर्पेन्टाईन लगायतका उद्योगहरु रहेकोमा १२ वटा उद्योगहरुबाट नियमित रुपमा तथ्याङ्क संकलन गरी विश्लेषण गर्ने गरिएको छ ।

अध्ययन क्षेत्रका उद्योगहरुको संख्या १३ वटा रहेको छ ।

समीक्षा अवधिमा सर्वेक्षणमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ३६.२४ प्रतिशत छ । आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनामा चिनी, गहुँको पिठो, ईटा, तोरीको तेल, कंक्रिट उत्पादन गर्ने उद्योगको अधिकतम क्षमता उपयोग भएको देखिएको छ । त्यसैगरी, रोजिन प्रशोधित दूध, साबुन र चामल उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोग अत्यन्तै न्यून रहेको छ । रोजिन उत्पादन गर्ने उद्योग कामदारहरुको अभाव, कच्चा पदार्थ संकलनमा भएको ढिलाई र उद्योग पूर्ण रुपमा सञ्चालन हुन नसकेको कारण उत्पादन न्यून देखिएको छ ।

समीक्षा अवधिमा अध्ययनले समेटेका उद्योगमध्ये गँहुको पीठो, रोजिन र ईटा उत्पादनमा उल्लेख्य रुपमा ह्रास आएको र अन्य वस्तुहरुको उत्पादनमा वृद्धि भएको छ । अध्ययनमा समेटिएका उद्योगहरुमा प्रत्यक्ष रोजगारी १ हजार ३ सय ५३ जना रहेको छ । रोजगारीमा आबद्ध महिला तथा पुरुषको अंश क्रमशः ११.९८ प्रतिशत र ८८.०२ प्रतिशत रहेको छ भने २०.९९ प्रतिशत भारतीय नागरिकहरुले समेत यस क्षेत्रमा रोजगारी पाईरहेका छन् ।

चित्र ४.१ : उद्योगको क्षमता उपयोगको अवस्था २०७९/८० (साउन-पुस) (प्रतिशतमा)





*स्रोत: अध्ययन क्षेत्रका सम्बन्धित उद्योगहरु ।*

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०७९ पुष मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०७९ असार मसान्तको तुलनामा ६.३१ प्रतिशतले वृद्धि भई रु.२७ अर्ब ३० करोड २५ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा १९.७४ प्रतिशतले वृद्धि भएको थियो। कुल प्रवाहित कर्जामध्ये औद्योगिक क्षेत्रमा गएको कर्जाको अंश १८.१७ प्रतिशत रहेको छ।

२०७९ पुष मसान्तसम्म २०७९ असार मसान्तको तुलनामा कुल औद्योगिक कर्जामध्ये विद्युत, ग्यास तथा पानी उत्पादन सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी ३०४.४७ प्रतिशतले वृद्धि भएको छ भने कृषि वन तथा पेय पदार्थ सम्बन्धी उद्योगमा सबैभन्दा बढी ११.०३ प्रतिशतले ह्रास आएको छ। कुल औद्योगिक कर्जामध्ये गैरखाद्यवस्तु सम्बन्धी उद्योगमा ३१.६७ प्रतिशत, निर्माणसम्बन्धी उद्योगमा २०.७६ प्रतिशत, कृषि, वन तथा पेय पदार्थ उत्पादनसम्बन्धी उद्योगमा ३४.३१ प्रतिशत, विद्युत्, ग्याँस तथा पानी उद्योगमा ४.७५ प्रतिशत, धातुका उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक उद्योगमा ७.७५ प्रतिशत, खानीसम्बन्धी उद्योगमा ०.७६ प्रतिशत अंश रहेको छ।

### चित्र ४.२ औद्योगिक कर्जा प्रवाह (रु. करोडमा)




### तालिका ४.१ जिल्लागत रुपमा औधोगिक कर्जा प्रवाहको अवस्था

| जिल्ला | औद्योगिक कर्जा प्रवाह (रु.करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| बाजुरा | १०.२ | ०.३५ |
| बझाङ | ९.६ | ०.३३ |
| दार्चुला | १४.२ | ०.४९ |
| बैतडी | १७.१ | ०.५९ |
| डडेलधुरा | ९२.१ | ३.१५ |
| डोटी | ३९.४ | १.३५ |
| अछाम | ९९.८ | ३.४२ |
| कैलाली | २१०१.६ | ७२.१२ |
| कञ्चनपुर | ५३०.३ | १८.२० |
| **जम्मा** | २९१४.३ | १००.०० |

*स्रोत : अध्ययन क्षेत्रका सम्बन्धित उद्योगहरु, नेपाल राष्ट्र बैंक।*

समीक्षा अवधिमा यस प्रदेशमा प्रवाह भएको कुल औद्योगिक कर्जामध्ये कैलाली जिल्लाको अंश सबैभन्दा बढी ७२.१२ प्रतिशत रहेको छ भने बझाङ जिल्लाको अंश सबैभन्दा कम ०.३३ प्रतिशत रहेको छ। यसैगरी, कञ्चनपुर, अछाम, डडेल्धुरा, डोटी, बैतडी, दार्चुला तथा बाजुराको अंश क्रमशः १८.२० प्रतिशत, ३.४२ प्रतिशत, ३.१५ प्रतिशत, १.३५ प्रतिशत, ०.५९ प्रतिशत, ०.४९ प्रतिशत र ०.३५ प्रतिशत रहेको छ।

### ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

**चुनौतीहरुः**

- उद्योग व्यवसाग दर्ता प्रक्रिया सरलीकरण र सहज बनाई निरुत्साहित एवम् नव लगानीकर्तालाई प्रोत्साहन गर्नु।
- उद्योग सञ्चालनका लागि दक्ष जनशक्ति उत्पादन गर्नु।
- घरजग्गा तथा उपभोगमा हुने लगानीलाई उत्पादनमूलक क्षेत्रमा आकर्षित गर्नु।
- मुलतः प्रदेशका दुर्गम क्षेत्रहरुमा गरिबीको दुष्चक्र हटाई बढ्दो आय संगै बचत र लगानी बृद्धि गरी उद्योग तर्फ लगानी आकर्षित गर्नु। नेपालको बहुआयामिक गरिबिको सूचक हेर्दा यस प्रदेशको तेस्रो उच्च स्थान रहेको छ।
- हाल सञ्चालनमा रहेका उद्योग तथा कलकारखानाहरुलाई पूर्ण क्षमतामा सञ्चालन गर्ने वातावरणको निर्माण गर्ने कार्य चुनौतीपूर्ण रहेको छ।
- स्वदेशी उत्पादनको स्तर वृद्धि गरी भारतीय बजारबाट आयात हुने वस्तुसँग प्रतिस्पर्धा गर्नु।

**सम्भावनाहरुः**

- यस प्रदेशमा पर्याप्त मात्रामा मकैको उत्पादन हुनुका साथै व्यावसायिक बंगुर तथा कुखुरापालन गर्ने प्रचलन बढ्दै गएकोमा पशुदानासम्बन्धी उद्योग स्थापना गर्न सकिने।
- अल्लो प्रशोधन तथा बाँस निगालो, दार्चुलामा चिउरी प्रशोधन केन्द्र उद्योग स्थापना गर्न सकिने।
- वीमा प्रिमियम, व्याजमा अनुदान, विद्युत महसुलमा अनुदान आदि सुविधाले नव उद्यमीहरुलाई आकर्षित गर्न सकिने।
- पर्यटकीय गन्तव्यहरुको विविधिकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरुको पहिचान गरी पर्यटन उद्योगलाई प्रोत्साहन गर्न सकिने।
- मुक्त कमैया हलियाहरुको लागि सिपमूलक तालिम प्रदेशका विभिन्न ठाउँमा भईरहेकाले साना उद्योगी व्यवसायीलाई प्रोत्साहन गर्न सकिने।
- युवा उद्यमशिलता विकास तालिम तथा औद्योगिक जनशक्ति सिर्जना, उद्यमशिलता विकास सम्बन्धी ज्ञान, सीप तथा तालिमले विदेश पलायन युवा उद्यमी व्यवसायी समेत आकर्षित हुन सक्ने। प्रदेशमा पछिल्लो समय रोजगारीका लागि बिदेश गएर घर फर्केका युवा विभिन्न उद्योगमा लगानी गर्दै आएका छन्।
- उर्जामूलक उद्योग अन्तर्गत जलस्रोत उद्योग को अधिक सम्भाव्यता रहेको। यस प्रदेशमा सेती, महाकाली, चमेलिया, बुढीगंगा, सुर्नया जस्ता नदीहरु एवम् प्रशस्त ताल र पोखरीहरु छन्।

# परिच्छेद ५

# सेवा क्षेत्र

## ५.१ पर्यटन

समीक्षा अवधिमा सुदुरपश्चिम प्रदेशका ९ जिल्लाहरुमा ४६ वटा पर्यटकस्तरीय होटलहरु सञ्चालनमा रहेका छन् । विश्वव्यापी रुपमा फैलिएको कोभिड महामारीका कारण केही जिल्लाहरुमा सञ्चालनमा रहेका होटलहरु पूर्ण रुपमा बन्द भएको तथा हाल केही जिल्लाहरुमा नयाँ होटलहरु थपिएका छन । समग्रमा होटल तथा लजको संख्यामा ६.१२ प्रतिशतले ह्रास भई ४६ पुगेको छ भने होटल शैयाको संख्या ६.१९ प्रतिशतले ह्रास भई १ हजार ५ सय ४६ पुगेको छ । समीक्षा अवधिमा अध्ययन क्षेत्रका होटलहरुको औषत अकुपेन्सी क्षमता ४३.४८ प्रतिशत रहेको छ । समीक्षा अवधिमा पर्यटकस्तरीय होटल तथा लजमा प्रत्यक्ष रोजगारी संख्या गत आर्थिक वर्षको सोही अवधिको भन्दा १४.१८ प्रतिशतले वृद्धि भई ५ सय ९६ रहेको छ । कोभिड महामारीको असर विस्तारै न्यून हुदै गएको, आर्थिक गतिविधिहरु बढ्दै गएकोले विभिन्न जिल्लाहरुमा पर्यटकस्तरिय होटल तथा लजहरु खुल्ने क्रम बढ्दे गएकोले अबका दिनमा पर्यटन क्षेत्र थप चलायमान हुने देखिन्छ । *(स्रोत : सम्बन्धित होटलहरु ।)*

*बक्स २: पर्यटन क्षेत्रको वस्तु स्थिति*

***यस प्रदेशमा रहेका ४६ वटा पर्यटक स्तरीय होटलहरुमध्ये पर्यटकीय सेवा सुविधा तथा कर्जा लगानीका आधारमा नमूनाको रुपमा छनौट गरिएका १० वटा पर्यटकस्तरीय होटलहरुको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।***

कोभिड १९ महामारीको असर विस्तारै कम हुँदै गएको कारण विस्तारै आर्थिक गतिविधिहरु बढ्दै गएका छन । जसले गर्दा अति प्रभावित पर्यटन क्षेत्र विस्तारै चलायमान बन्दै गएको छ । कोभिडका कारण सञ्चालनमै रहेका केही पर्यटकस्तय होटल तथा लजहरु पूर्ण रुपमा बन्द भए भने नयाँ होटल विस्तार तथा निर्माण सम्पन्नको अवस्थामा रहेका केही होटलहरु हाल सञ्चालनमा आएका छन ।

समीक्षा वर्षमा नमूनाको रुपमा छनौट गरिएका १० होटलहरुको औसत अकुपेन्सी ५३ प्रतिशत रहेको पाइयो । समीक्षा अवधिमा यी नमुना होटलहरुमा भारतीय पर्यटकहरु ४४१२ जना, चिनीयाँ पर्यटक १४९ जना तथा तेस्रो मुलुकबाट आएका ४७५ जना गरी जम्मा ५०३६ जना पर्यटकहरुले यस प्रदेशमा भ्रमण गरेको देखिन्छ ।

समीक्षा अवधिमा १८४ पुरुष तथा ६६ महिला गरी जम्मा २५० जनाले यस क्षेत्रमा रोजगारी पाइरहेको पाइयो ।

**तालिका ५.१: नमुनाको रुपमा छनौट गरिएका होटलहरुको अकुपेन्सी तथा रोजगारी विवरण**

| | **विवरण** | **आ.व. २०७९/८० (साउन-पुस)** |
|---|---|---|
| | पर्यटक स्तरीय होटल तथा लजको संख्या | १० |
| | जम्मा बेड संख्या | **५८९** |
| | औसत अकुपेन्सी | ५३ |
| पर्यटक आगमन | जम्मा | **५०३६** |
| | भारत | ४४१२ |
| | चीन | १४९ |
| | तेस्रो मुलुक | ४७५ |
| रोजगारी | जम्मा | **२५०** |
| | पुरुष | १८४ |
| | महिला | ६६ |

*स्रोत : सम्बन्धित होटलहरु ।*

### ५.२ सार्वजनिक निर्माण तथा रियल स्टेट


समीक्षा अवधिमा समग्र घर जग्गा रजिष्ट्रेशन संख्या ३८.९५ प्रतिशतले घटेको छ । गत वर्ष सोही अवधिमा सो संख्या १०.८८ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन ५९.४२ प्रतिशतले ह्रास भई रु.३० करोड ३५ लाख १० हजार भएको छ। गत वर्षको सोही अवधिमा यस्तो राजस्व संकलन ५८.५८ प्रतिशतले बढेको थियो । चालु आ.व.मा घरजग्गा कारोबारमा मन्दी आएको कारण क्रमशः घरजग्गा रजिष्ट्रेशन, नक्सा पास तथा राजश्व संकलनमा गिरावट आएको देखिन्छ ।

समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या २७.७३ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा घर/भवन नक्सा पास संख्या ६.७३ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा रहेका सबै जिल्लाहरुमा घरजग्गा रजिष्ट्रेशन संख्यामा ह्रास आएको छ । समीक्षा अवधिमा दार्चुला जिल्लामा घरजग्गा रजिष्ट्रेशन सबैभन्दा बढी ७३.३७ प्रतिशतले घटेको छ।

समीक्षा अवधिमा कैलाली जिल्लामा सबैभन्दा बढी ५२३ वटा घर/भवन नक्सा पास भएका छन् भने बझाङ, दार्चुला जिल्लामा एउटा पनि घर/भवन नक्सा पास नभएको र बाजुरा, कञ्चनपुर र बैतडी बाहेकका अन्य जिल्लाहरुमा अघिल्लो आर्थिक वर्षको तुलनामा नक्सा पास संख्यामा कमी आएको छ। बझाङका केही स्थानहरुमा पुराना घरहरुको अभिलेखिकरणका लागि केही समय देखि नक्सा पास रोक्का गरिएको कारण र दार्चुला जिल्लामा कच्ची घरहरुको नक्सा पास गर्ने प्रचलन विगतमा समेत नरहेकोले यस वर्ष समेत नक्सा पासको संख्या शुन्य रहेको देखिन्छ ।

चित्र ५.१ : घरजग्गाा कारेवारको अवस्था




### ५.३ वित्तीय सेवा

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा वाणिज्य बैंकका ३२७, विकास बैंकका ५२, वित्त कम्पनीका ६ तथा लघुवित्त वित्तीय संस्थाका ४५७ गरी जम्मा ८४२ शाखा सञ्चालनमा छन् । यसमध्ये कैलाली जिल्लामा सबैभन्दा बढी ३६५ तथा बाजुरा जिल्लामा सबैभन्दा कम २७ शाखा सञ्चालनमा छन् । गत आर्थिक वर्षको सोही अवधिमा यस प्रदेशमा वाणिज्य बैंकका ३२४, विकास बैंकका ४७, वित्त कम्पनीका ६ तथा लघुवित्त वित्तीय संस्थाका ४४८ गरी जम्मा ८२५ वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरु सञ्चालनमा रहेका थिए ।

२०७९ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०७९ असार मसान्तको तुलनामा ०.४२ प्रतिशतले घट्न गई रु. १ खर्ब १५ अर्ब १६ करोड ९३ लाख पुगेको छ। गत वर्ष सोही अवधिमा यस्तो निक्षेप १.९९ प्रतिशतले घटेको थियो ।

२०७९ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जा २०७९ असार मसान्तको तुलनामा ६.२७ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ५८ अर्ब ८३ करोड ६० लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १५.८८ प्रतिशतले वृद्धि भएको थियो ।


### तालिका ५.२ : बैंक तथा वित्तीय संस्थाका शाखा

(२०७९ पुस मसान्तसम्म)

| प्रकार | बाजुरा | बझाङ | दार्चुला | बैतडी | डडेलधुरा | डोटी | अछाम | कैलाली | कञ्चनपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वाणिज्य बैंक | १३ | १८ | १९ | १७ | २४ | १९ | १८ | १३३ | ६६ | ३२७ |
| विकास बैंक | १ | १ | २ | २ | १ | १ | ३ | ३० | ११ | ५२ |
| वित्त कम्पनी | ० | ० | ० | ० | ० | ० | ० | ५ | १ | ६ |
| लघु वित्त विकास बैंक | १३ | १९ | १२ | १९ | २७ | २८ | ३४ | १९७ | १०८ | ४५७ |
| पूर्वाधार विकास बैंक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| **जम्मा** | २७ | ३८ | ३३ | ३८ | ५२ | ४८ | ५५ | ३६५ | १८६ | ८४२ |

*स्रोत : नेपाल राष्ट्र बैंक ।*

चित्र ५.२ : निक्षेप तथा कर्जा (रु. अर्बमा)




समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको निक्षेपमा कैलालीको अंश सबैभन्दा बढी अर्थात् ४८.१६ प्रतिशत र बाजुरा जिल्लाको अंश सबैभन्दा कम अर्थात् २.४७ प्रतिशत रहेको छ । अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ६५.७७ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम अर्थात् ०.८८ प्रतिशत प्रतिशत रहेको छ ।

## ५.४ यातायात


समीक्षा अवधिमा यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या अघिल्लो वर्षको तुलनामा ५.१९ प्रतिशतले वृद्धि भई १ लाख ६७ हजार ९ सय ६७ पुगेको छ । यसमध्ये मोटरसाइकलको संख्या ५.०९ प्रतिशतले वृद्धि भई १ लाख ३८ हजार २ सय ७४ तथा अन्य सवारी साधनको संख्या ५.६३ प्रतिशतले वृद्धि भई २९ हजार ६ सय ९३ पुगेको छ ।

## ५.५ सेवा क्षेत्र कर्जा

२०७९ पुष मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०७९ असार मसान्तको तुलनामा १.७२ प्रतिशतले बढेर रु. १ खर्ब ४ अर्ब ९९ करोड ९१ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा २७.४८ प्रतिशतले वृद्धि भएको थियो । कुल प्रवाहित कर्जामध्ये सेवा क्षेत्रमा गएको कर्जाको अंश ६९.८९ प्रतिशत रहेको छ ।

समीक्षा अवधिमा कुल सेवा क्षेत्र कर्जामध्ये थोक तथा खुद्रा विक्रेतासम्बन्धी व्यवसायमा ४८.०७ प्रतिशत, वित्त, बीमा तथा अचल सम्पत्तिमा २.२३ प्रतिशत, अन्य सेवा व्यवसायमा प्रवाहित कर्जा १.२९ प्रतिशत, यातायात भण्डारण र संचारमा २.८६ प्रतिशत, उपभोग्य कर्जामा २९.६५ प्रतिशत र पर्यटनमा ४.०४ प्रतिशत अंश रहेको छ ।

चित्र ५.३ : सेवा क्षेत्र कर्जा प्रवाह (रु. करोडमा)




२०७९ पुष मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा क्षेत्र कर्जामध्ये कैलाली जिल्लाको अंश ६४.५९ प्रतिशत, कञ्चनपुर जिल्लाको अंश १९.०६ प्रतिशत, डडेल्धुरा, डोटी, अछाम, बैतडी, दार्चुला, बझाङ तथा बाजुरा जिल्लाको अंश क्रमशः ४.०८ प्रतिशत, २.५५ प्रतिशत, ३.१५ प्रतिशत, १.६६ प्रतिशत, २.२० प्रतिशत, १.६५ प्रतिशत र १.०५ प्रतिशत रहेको छ ।

### तालिका ५.३ : सेवाक्षेत्र कर्जा प्रवाहको अवस्था

| जिल्ला | सेवा क्षेत्र कर्जा (रु. दशलाखमा) | सेवा क्षेत्र कर्जा (हिस्सा) |
|---|---|---|
| बाजुरा | ११०७.५४ | १.०५ |
| बझाङ | १७३६.४१ | १.६५ |
| दार्चुला | २३१५.१९ | २.२० |
| बैतडी | १७४१.५९ | १.६६ |
| डडेलधुरा | ४२८६.७९ | ४.०८ |
| डोटी | २६७९.५० | २.५५ |
| अछाम | ३३०६.४० | ३.१५ |
| कैलाली | ६७८१६.७८ | ६४.५९ |
| कञ्चनपुर | २०००८.९६ | १९.०६ |
| **जम्मा** | **१०४९९९.१६** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ५.६ सुदूरपश्चिम प्रदेशको सरकारी वित्त स्थिति

आ.व. २०७९/८० का लागि सुदूरपश्चिम सरकारले कुल रु.३६ अर्ब ४५ करोड बजेट बिनियोजन गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरण अनुसार समीक्षा अवधिमा रु.५ अर्ब २५ करोड खर्च भएको छ जुन कुल विनियोजनको १४.४० प्रतिशत हो । आ.व. २०७८/७९ को सोहि अवधिमा बिनियोजित बजेटको १३.४५ प्रतिशत खर्च भएको थियो ।

आर्थिक वर्ष २०७९/८० मा चालु खर्चतर्फ बिनियोजन भएको रु.१२ अर्ब २६ करोड मध्ये समीक्षा अवधिमा रु.२ अर्ब ६१ करोड खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको ७.१६ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च ८.२६ प्रतिशत रहेको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ बिनियोजन भएको रु.२४ अर्ब १९ करोड ०३ लाख मध्ये रु.२ अर्ब ६३ करोड ८६ लाख खर्च भएको छ जुन विनियोजन भएको पुँजीगत खर्चको ७.२४ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च ५.१९ प्रतिशत रहेको थियो ।

सुदूरपश्चिम सरकारले आ. व. २०७९/८० मा आन्तरिक स्रोत र राजश्व बाँडफाँड गरी कुल राजश्व रु. ११ अर्ब ६५ करोड अनुमान गरेकोमा कुल रु. ३ अर्ब ६२ करोड राजश्व परिचालन गरेको छ जुन कुल राजश्व अनुमानको ९.९३ प्रतिशत हो । आ.व. २०७९/८० मा सुदूरपश्चिम सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१७ अर्ब ५६ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा समीक्षा अवधिसम्म कुल रु.१ अर्ब ८६ करोड अनुदान प्राप्त गरेको छ । प्राप्त भएको अनुदान रकममध्ये समानीकरण अनुदानको रकम रु.१ अर्ब १२ करोड रहेको छ भने सशर्त अनुदानको रकम रु. ५१ करोड ९१ लाख रहेको छ ।

### तालिका ५.४  सुदूरपश्चिम प्रदेशको सरकारी वित्त स्थिति

| शिर्षक | आ.व. २०७८/७९ | | आ.व. २०७९/८० | | प्रगति | |
|---|---|---|---|---|---|---|
| | बजेट | यर्थाथ (साउन देखि पुष) | बजेट | यर्थाथ (साउन देखि पुष) | २०७८/७९ | २०७९/८० |
| कुल खर्च (अर्बमा) | ३०.२५ | ४.०७ | ३६.४५ | ५.२५ | १३.४५ | १४.४० |
| चालु खर्च (अर्बमा) | १२.४५ | २.५ | १२.२६ | २.६१ | ८.२६ | ७.१६ |
| पूंजीगत खर्च (अर्बमा) | १७.८ | १.५७ | २४.१९ | २.६४ | ५.१९ | ७.२४ |
| कुल राजश्व (अर्बमा) | ९.२३ | ४.०६ | ११.६५ | ३.६२ | १३.४२ | ९.९३ |
| अनुदान ( अर्बमा) | १५.७४ | १.५९ | १७.५६ | १.८६ | ५.२६ | ५.१० |

*स्रोत : प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय, कैलाली ।*

## ५.७ स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति

सुदूरपश्चिम प्रदेशमा रहेका ८८ वटा स्थानीय तहहरुमध्ये जनसंख्याको हिसावले सबैभन्दा बढी जनसंख्या रहेका ५ वटा स्थानीय तहहरु छनौट गरि अध्ययन गरिएको छ । सुदूरपश्चिम प्रदेशमा विनियोजित भएको बजेटको करीब १८.३४ प्रतिशत हिस्सा छनौटमा परेका ५ वटा स्थानीय तहहरुको रहेको छ ।

उक्त स्थानीय तहहरुको विनियोजित बजेट तथा बजेट कार्यान्वयनको अवस्था देहायबमोजिम रहेको छ ।


आर्थिक वर्ष २०७९/८० मा छनौटमा परेका स्थानीय तहहरुमा कुल ६ अर्ब ७४ करोड बजेट विनियोजन भएकोमा समीक्षा अवधिसम्ममा २ अर्ब ५७ करोड खर्च भएको छ जुन कुल विनियोजित बजेटको ३८.१३ प्रतिशत हुन आउँछ । यस्तो बजेट गत आर्थिक वर्षमा ६ अर्ब ८३ करोड विनियोजन भएको थियो भने ४ अर्ब १८ करोड खर्च भएको थियो जुन ६१.२० प्रतिशत हुन आउछ ।

### तालिका ५.५ : स्थानीय तहहरुमा भएको बजेट विनियोजन तथा कार्यान्वयनको अवस्था (रु. अर्बमा)

| *स्थानीय निकाय* | *आ.व.२०७८/७९ (साउन-पुस)* | | *आ.व.२०७९/८० (साउन-पुस)* | | *प्रगति प्रतिशत (साउन-पुस)* | |
|---|---|---|---|---|---|---|
| | **बजेट** | **यथार्थ** | **बजेट** | **यथार्थ** | **२०७८/७९** | **२०७९/८०** |
| धनगढी उपमहानगरपालिका | १.९६ | १.४५ | २.०३४ | ०.८३ | ७३.९८ | ४०.८१ |
| गोदावरी नगरपालिका | १.२९ | ०.९६ | १.२८ | ०.२३४ | ७४.४२ | १८.२८ |
| टिकापुर नगरपालिका | १.०९ | ०.३१ | ०.९९ | ०.३२५ | २८.४४ | ३२.८३ |
| लम्कीचुहा नगरपालिका | १.१८ | ०.३३ | १.०९ | ०.३६ | २७.९७ | ३३.०३ |
| भिमदत्त नगरपालिका | १.३१ | १.१३ | १.३५ | ०.८२ | ८६.२६ | ६०.७४ |
| ***जम्मा*** | **६.८३** | **४.१८** | **६.७४** | **२.५७** | **६१.२०** | **३८.१३** |

*स्रोत: सम्बन्धित स्थानीय तहहरु ।*

## चित्र ५.४: आर्थिक वर्ष २०७९/८० मा बजेट विनियोजन र कार्यान्वयनको अवस्था (रु. अर्बमा)





*स्रोतः सम्बन्धित स्थानीय तहहरु ।*

## तालिका ५.६: आ.व. २०७९/८० मा बजेट विनियोजनको प्राथमिकता (रु. करोडमा)

| स्थानीय निकाय | *भौतिक पूर्वाधार* | *कृषि* | *उद्योग* | *पर्यटन* |
|---|---|---|---|---|
| धनगढी उपमहानगरपालिका | ४६.३८ | ५.६८ | ०.५८ | ९.२ |
| गोदावरी नगरपालिका | ३०.५५ | ४.६ | ०.६१ | ०.७१ |
| टिकापुर नगरपालिका | ३३.८१ | २.६८ | ०.७६ | ०.५८ |
| लम्कीचुहा नगरपालिका | ३८.८३ | २.२१ | ०.३४ | १.२५ |
| भिमदत्त नगरपालिका | ३०.०० | ०.१५ | ०.०१७ | ०.०९ |
| ***जम्मा*** | **१७९.५७** | **१५.३२** | **२.३०७** | **११.८** |

*स्रोतः सम्बन्धित स्थानीय तहहरु ।*

## चित्र ५.५: बजेट विनियोजनको प्राथमिकता (रु. हजारमा)




*स्रोतः सम्बन्धित स्थानीय तहहरु ।*

## ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना

### चुनौतीहरुः

- सुदूरपश्चिम प्रदेशको विकासको मेरुदण्डको रुपमा रहेका धार्मिक, सांस्कृतिक, पुरातात्विक पर्यटकीय पूर्वाधारहरुको विकास तथा प्रवर्द्धनमार्फत आन्तरिक एवं बाह्य पर्यटकको लागि आकर्षक गन्तव्य स्थल निर्माण गर्नु ।
- पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसायको विकास गर्दै आन्तरिक तथा बाह्य पर्यटकहरुको बसाई अवधि बढाउनु ।
- विद्युतीय सवारी साधनहरु सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण गर्नु ।
- ग्रामीण क्षेत्रहरुमा स्वास्थ्य तथा शिक्षातर्फ दरबन्दी बमोजिम स्वास्थ्यकर्मी र शिक्षक/शिक्षिकाहरु व्यवस्थापन गरी सेवा प्रदान गर्ने ।
- बचत तथा ऋण सहकारी संस्थाहरु प्रति जनविश्वास कायम राख्न उचित संयन्त्रको विकास गर्नु ।
- सीप विकास कार्यक्रम, सामाजिक सुरक्षा, उद्योग तथा व्यापार विकासमार्फत स्वदेशमै रोजगारका अवसरहरु सिर्जना गरी कामको खोजीमा विदेश पलायन हुने प्रवृत्तिलाई निरुत्साहित गर्ने ।

### सम्भावनाहरुः

- प्रदेश सरकार तथा स्थानीय तहबाट पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण एवं प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालनमा रहेकोले आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवं रोजगारीमा टेवा पुग्न सक्ने ।
- गेटामा स्वास्थ्य विज्ञान विश्वविद्यालय को स्थापना भएपश्चात गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै यी पूर्वाधारहरुको सञ्चालनले आसपासका क्षेत्रमा आर्थिक गतिविधि विस्तार हुन सक्ने ।
- स्थानीय तहमार्फत दुर्गम क्षेत्रमा समेत सडक सञ्जाल लगायत अन्य पूर्वाधारहरुको विस्तारका साथै स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न सकिने ।
- यस प्रदेशमा सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा समेत उल्लेख्य विकास भएकाले आधुनिक प्रविधिको प्रयोगमार्फत सेवा क्षेत्रलाई थप चलायमान बनाउन सकिने ।
- सुदूरपश्चिम प्रदेशका सातदेवीहरू डिलासैनी, निङ्लासैनी, मेलौली, शैलेश्वरी, बडिमालिका, उग्रतारा र त्रिपुरासुन्दरीलाई धार्मिक सर्किटको रूपमा प्रवर्द्धन गर्न सकिने ।

***बक्स ३: नमूनाको रुपमा छनौट गरिएका सहकारीहरुको अध्ययन***

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभागको सहकारी झलक, २०७७ को तथ्याङ्क बमोजिम यस प्रदेशमा रहेका २०६० सहकारीहरुमध्ये नमूनाको रुपमा छनौट गरिएका १० वटा सहकारीहरुको विस्तृत रुपमा अध्ययन गर्दा देहायबमोजिमको अवस्था रहेको पाईयो ।

**तालिका १३: नमुनाको रुपमा छनौट गरिएका सहकारीहरुको निक्षेप तथा कर्जा प्रवाहको अवस्था**

| विवरण | आ.व.२०७७/७८ (साउन-पुस) | आ.व.२०७८/७९ (साउन-पुस) | आ.व.२०७९/८० (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| **कुल पुँजी (रु. करोडमा)** | ६३२.८९ | ७४०.८७ | ८७१.७२ | १७.०६ | १७.६६ |
| **कुल बचत (रु. करोडमा)** | ४३११.०० | ४५९५.१४ | ४७२१.२३ | ६.५९ | २.७४ |
| **कुल ऋण (रु. करोडमा)** | ३५५०.७० | ४१६७.८७ | ४४४७.२० | १७.३८ | ६.७० |
| **सदस्य संख्या** | ३३९५४ | ४०९७७ | ४५५०६ | २०.६८ | ११.०५ |
| **कर्मचारी संख्या** | १६९ | १८५ | १७० | ९.४७ | - ८.११ |
| **संस्था संख्या** | १० | १० | १० | | |


*स्रोत : जिल्लास्थित सम्बन्धित सहकारीहरु ।*

समीक्षा अवधिमा नमूना छनौटमा परेका १० वटा सहकारीहरुले संकलन गरेको कुल पुँजी गत वर्षको तुलनामा १७.६६ प्रतिशतले वृद्धि भई रु.८७.१७ करोड पुगेको छ । गत वर्ष यस्तो पूँजी १७.०६ प्रतिशतले वृद्धि भई रु.७४.०९ करोड पुगेको थियो ।

कुल निक्षेप गत वर्षको तुलनामा २.७४ प्रतिशतले वृद्धि भई रु.४.७२ अर्ब पुगेको छ । गत वर्ष यस्तो निक्षेप ६.५९ प्रतिशतले वृद्धि भई रु.४.५९ अर्ब पुगेको थियो । यसैगरी समीक्षा वर्षमा नमूना छनौटमा परेका १० वटा सहकारीहरुले प्रवाह गरेको कर्जा गत वर्षको तुलनामा ६.७० प्रतिशतले वृद्धि भई रु.४.४४ अर्ब पुगेको छ। गत वर्ष यस्तो कर्जा १७.३८ प्रतिशतले वृद्धि भई ४.१७ अर्ब पुगेको थियो ।

समीक्षा वर्षमा छनौट गरिएका सहकारी संस्थाका सदस्यहरुको संख्या ११.०५ प्रतिशत र सहकारी संस्थामा काम गर्ने कमचारीको संख्या ८.११ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्ष सदस्य संख्या २०.६८ प्रतिशत र कर्मचारी संख्या ९.४७ प्रतिशतले वृद्धि भएको थियो ।

**चित्र ५.६ : नमूनाको रुपमा छनौट गरिएका सहकारीहरुको बचत तथा कर्जा प्रवाहको अवस्था (रु.१० लाखमा)**



**बक्स ४ : प्रमुख पर्यटकीय गन्तव्य**

**खप्तड क्षेत्र (बाजुरा, बझाङ, अछाम, डोटी)**

सुदूरपश्चिम प्रदेशका चार पहाडी जिल्लाहरु बझाङ, बाजुरा, डोटी र अछामको संगम स्थलमा अवस्थित खप्तड क्षेत्र २२५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ। समुद्र सतहदेखी २४०० देखि २७०० मिटर उचाईमा फैलिएको खप्तड क्षेत्रको बीचमा १२,००० फिट अग्लो खप्तड लेक रहेको छ। पचास बर्ष पहिले महान दार्शनिक, चिकित्सक, बैज्ञानिक र ज्योतिषका रुपमा प्रख्यात खप्तड बाबाले तपस्या गरेको यस स्थानमा खप्तड बाबाको कुटी, त्रिवेणी नदी र सोको वरीपरी २२ वटा पाटन र ५३ वटा थुम्काहरु समेत रहेका छन्। यस क्षेत्रमा लाग्ने विभिन्न सांस्कृतिक मेलामध्ये गंगा दशहरा मेलामा हजारौ तिर्थयात्री भेला हुने गर्दछन्। मेलामा सुदूरपश्चिमको प्रसिद्ध हुड्के नाँच र देउडा हेर्न लाखौको संख्यामा आन्तरिक तथा बाह्य पर्यटक जम्मा हुने गर्दछन्।

खप्तड क्षेत्रलाई प्राचिन समयमा **खापर तड (खापर-देवता र तड-पाटन)** अर्थात खापर देवताको पाटन वा फाँट भनेर चिनिन्थ्यो। विस्तारै विस्तारै उक्त नाम अपभ्रंश हुदै यस क्षेत्रको नाम **खप्तड** रहन गएको किम्बदन्ती रहेको छ। यो राष्ट्रिय निकुञ्जको रुपमा बि.स. २०४० (सन १९८४) देखि नै स्थापना भएता पनि वि.स. २०४३ असार ९ गते (सन १९८६) मात्रै राजपत्रमा प्रकाशित भएको हो। नेपालको सुदूरपश्चिम प्रदेशका चार जिल्ला डोटी, बझाङ, अछाम र बाजुराको आंशिक भू-भागको प्रतिनिधित्व गर्ने यो निकुञ्जको मुख्यालय खप्तड बाजुरामा रहेको छ।

यस राष्ट्रिय निकुञ्जले मध्य पहाडी वातावरण, वनस्पति र वन्यजन्तुको प्रतिनिधित्व गर्दछ। यहाँ सल्ला, खस्रु र निगालोका जंगलहरुको साथै वन्यजन्तुका लागि उपयुक्त घाँसे मैदान रहेका छन्। निकुञ्जमा कस्तुरी मृग, चरी बाघ र ब्वाँसो जस्ता वन्यजन्तुका साथै रतुवा, मृग, घोरल, चितुवा, जंगली कुकुर, जंगली विरालो, रातो बाँदर, बँदेल लगायत २३ प्रजातीका स्तनधारी वन्यजन्तु पाइन्छन्। यहाँ डाँफे, मुनाल, कालिज लगायत २८७ प्रजातीका पंक्षीका अभिलेखिकरण भएको छ।

यो राष्ट्रिय निकुञ्ज धार्मिक दृष्टिकोणले पनि निकै महत्वपुर्ण छ। त्रिवेणी क्षेत्र, खप्तड दह, बाबा आश्रम, नागढुङ्गा, केदारढुङ्गा, माईकाथान, सहस्रलिङ्ग लगायतका धार्मिक स्थानहरु रहेका छन्। यहाँ जेठ महिनाको शुक्लपक्षको दशमी तिथीमा गंगा दशहरा मेला, जनैपुर्णिमा लगायतका धार्मिक पर्वमा हजारौको संख्यामा तीर्थयात्रीहरु आउने गर्दछन्। यो क्षेत्र पर्यापर्यटनको प्रचुर सम्भावना भएता पनि भौगोलिक विकटता, यातायातको असूविधा, प्रचार प्रसारको कमीका साथै भौतिक सेवा सुविधाको अभावले गर्दा पछाडी परेको छ। मध्यवर्ती क्षेत्रको मुख्य आम्दानीको श्रोत नै निकुञ्जको पर्यापर्यटन भएकोले मध्यवर्ती क्षेत्रको आम्दानी पनि न्यून रहेको छ।

**खप्तड राष्ट्रिय निकुञ्जको क्षेत्रफल बिवरण**

| क्र.सं. | जिल्ला | क्षेत्रफल (वर्ग कि.मि.) | कैफियत |
|---|---|---|---|
| १ | डोटी | ८९.९३ | आंशिक भ-भाग |
| २ | बझाङ्ग | ८४ | आंशिक भ-भाग |
| ३ | अछाम | ४४.२० | आंशिक भ-भाग |
| ४ | बाजुरा | ६.८७ | आंशिक भ-भाग |
| | **जम्मा** | **२२५** | |

*स्रोतः खप्तड राष्ट्रिय निकुञ्ज कार्यालयको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७८।७९*

नेपालमा पाईने सात सय मुख्य जडीबुटी मध्ये २२४ प्रजातीका जडीबुटी यसै क्षेत्रमा पाईन्छन्। यहाँ ५६७ प्रजातिका बनस्पति र २७० जातका चराचुरुङ्गी छन्। खस्रे भ्यागुत्ता, बझाङ्गी पाहा तथा बाघ बुट्टे निगालो पाइने यो नेपालको एक मात्र राष्ट्रिय निकुञ्ज हो। विश्वकै दुर्लभ जातिको हरियो छेपारो पाईने यस स्थानमा २२ पाटन र ५२ झोता छन्। यो १७५ प्रजातिका चराले बच्चा कोरल्ने ठाउँ पनि हो। यो क्षेत्र कस्तुरी र हिम चितुवाको पनि वासस्थान हो। खप्तड जान काठमाडौं, नेपालगञ्ज र धनगढीबाट बस चढेर बझाङको चैनपुरसम्म जान सकिन्छ। काठमाडौं र धनगढीवाट जहाजमा पनि चैनपुरसम्म जान सकिन्छ। चैनपुरबाट केही पक्की केहि कच्ची सडकवाट तमैल हुँदै ३२ किलोमिटर टाढाको दारुगाउँ भन्ने स्थानसम्म गाडीमा जान सकिन्छ। त्यहाँबाट करिब ४ घन्टाको पैदल यात्रापछि खप्तड पुगिन्छ। त्यस्तै डोटीको सिलगढी हुँदै झिंग्रानासम्म गाडीमा र त्यसपछि ६ घन्टाको पैदल यात्रामा खप्तड पुग्न सकिन्छ। त्यस्तै वाजुरावाट पनि खप्तड पुग्न सकिन्छ। हाल खप्तडमा एउटा खप्तड होटल र खप्तड विकास समितिद्वारा उपलब्ध गराईएको खाने बस्ने सुविधा एवम् धर्मशालाका कारण खान बस्न भने पहिले भन्दा तुलनात्मक रुपमा सहज भएको छ।

# परिच्छेद ६

## पूर्वाधार र रोजगारी

### ६.१ पूर्वाधार क्षेत्र

२०७९ फागुनसम्ममा राष्ट्रियरुपमा विद्युत् पहुँच पुगेको जनसंख्या ९५.०० प्रतिशत रहेको छ भने सुदूरपश्चिम प्रदेशमा ७३.०० प्रतिशत रहेको छ। त्यसैगरी, सोही अवधिसम्ममा कुल राष्ट्रिय विद्युत् उत्पादन २ हजार ५ सय चौरासी मेगावाट रहेको छ भने सुदूरपश्चिम प्रदेशमा १०८ मेगावाट विद्युत् उत्पादन भएको छ। गत वर्षको सोही अवधिमा यस प्रदेशमा ५८ मेगावाट विद्युत उत्पादन भएको थियो।

आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्ममा प्रादेशिक तथा स्थानीयस्तरबाट राष्ट्रिय स्तरमा ६६ हजार ५७ किलोमिटर सडक निर्माण भएकोमा सोमध्ये कच्ची, ग्राभेल र कालोपत्रे सडक क्रमशः ४७ हजार ३ सय २०, १४ हजार र ४ हजार ७ सय ३७ किलोमिटर रहेको छ। सोही अवधिसम्ममा सुदूरपश्चिम प्रदेशमा ५ हजार ६ सय ४ किलोमिटर सडक निर्माण भएकोमा कच्ची, ग्राभेल र कालोपत्रे सडकको अंश क्रमशः ४ हजार १ सय उन्पचास, १ हजार २ सय ३० र २ सय २५ किलोमिटर रहेको छ (स्रोतः आर्थिक सर्वेक्षण २०७९/८०)।

यस क्षेत्रका ७ वटा जिल्लाहरुमा विमानस्थलहरु रहेको र हाल ५ वटा जिल्लाहरुमा हवाई सेवा सञ्चालनमा रहेको छ। कैलालीको **गेटा विमानस्थलको** स्तरोन्नती तथा यस प्रदेशका अन्य जिल्लामा रहेका विमानस्थलको पुर्ननिर्माणको काम भइरहेको छ। कुल रु.२७ अर्ब ७० करोडको लागतमा राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको **रानी जमरा कुलरिया आयोजनाको २०७९ पुष मसान्तसम्मको भौतिक प्रगति ६३ प्रतिशत रहेको छ।** रु.१ अर्ब ८३ करोडको लागत रहेको धनगढीको **मोहना पुलदेखि अत्तरिया चोकसम्मको** १४ दशमलव २ किलोमिटर लम्बाईको ६ लेन सडक आयोजनाको हालसम्मको भौतिक प्रगति ९८.५ प्रतिशत भएको, ५१ दशमलव ८ हेक्टर क्षेत्रमा फैलिएको झण्डै ८.११ अर्ब बराबरको लागतमा निर्माण भइरहेको **गेटा मेडिकल कलेज** पूर्वाधारहरुको निर्माण कार्य अन्तिम चरणमा रहेको छ (भौतिक प्रगति २०७९ पुष मसान्तसम्ममा ८६ प्रतिशत तथा वित्तीय प्रगति ८० प्रतिशत)। कञ्चनपुरको भुजेलामा बन्दै गरेको सुख्खा बन्दरगाह तथा महाकाली नदीमा निर्माणाधीन ४ लेनको ८०० मिटर लम्बाई भएको पक्की पुलको निर्माणपश्चात् भारतसँगको व्यापार थप सहज हुने देखिन्छ। साथै, उक्त क्षेत्रमा प्रचुर सम्भावना रहेको तरकारी लगायतका अन्य स्थानीय उत्पादनलाई बजारीकरण गर्न र दोधारा-चाँदनी क्षेत्रका नागरिकहरुलाई आफ्नै भूमि प्रयोग गरेर आवतजावत गर्न सहज हुने देखिन्छ।

कञ्चनपुर जिल्लामा प्रस्तावित दोधारा-चाँदनी सुख्खा बन्दरगाहले स्थानीय जनतालाई विभिन्न किसिमले फाइदा पुऱ्याएको छ। आयोजना अन्तर्गत करिब ९०० मिटर छ लेन सडक कालोपत्र र महाकाली नदीमा पुल निर्माण सम्पन्न भएको छ। हाल उक्त क्षेत्रमा जग्गाको मूल्य अत्याधिक बढेको छ भने आयोजनाले स्थानीयलाई रोजगारीको अवसर सिर्जना गर्ने अपेक्षा गरिएको छ। चालु आर्थिक वर्ष २०७९/८० का लागि १ अर्ब रुपैयाँ बजेट विनियोजन गरेको छ। मायापुरी र गौरीशंकर सामुदायिक वनमा करिब २८० बिघा जग्गामा फैलिएको उक्त आयोजना अन्तर्गत भन्सार कार्यालय, बैंक, गोदाम, सुरक्षा निकायका लागि भवन र रेलवे प्लेटफर्म निर्माण गरिनेछ।

महाकाली नदीमा निर्माणाधीन २३.८ मिटर चौडाई तथा ८०० मिटर लम्बाई भएको भएको ४ लेनको पक्की पुलको निर्माणकार्य सम्पन्न भैसकेको छ। पुल निर्माणसँगै पुलको पहुँच मार्ग कालोपत्रे भईसकेको छ (गडड्डाचौकीसम्म जोड्ने ६ किलोमिटर सडक)। दोधाराचाँदनी नगरपालिकाको चाँदनीतर्फ १.५ किलोमिटर ४ लेनको सडक निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

सुदूरपश्चिम प्रदेश सरकारले सवै ९ जिल्लामा एक/एकवटा सडक आयोजनाहरु छनौट गरी **प्रदेश गौरवका सडक** आयोजनाको रुपमा निर्माण कार्य शुरु गरेको छ। यस प्रदेशमा अपि पावर कम्पनीले दार्चुला जिल्ला भई वहने नौगाड नदीको पानी उपयोग गरी ८.५ मेगावाट क्षमताको नौगाड जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गरी मिति

२०७२ साल भाद्र ०२ गतेबाट व्यवसायिक विद्युत उत्पादन भई राष्ट्रिय प्रसारण लाइनमा विद्युत प्रवाह भइरहेको छ । सुदूर पश्चिम प्रदेशमा निजी लगानीबाट सञ्चालन भएको यो नै प्रथम विद्युत आयोजना हो । अपि पावर कम्पनी लिमिटेडले दोश्रो आयोजनाको रुपमा दार्चुला जिल्ला भई बहने नौगाड नदीकै पानी उपयोग गरी ८ मेगावाट क्षमताको अप्पर नौगाड जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गरी मिति २०७६ साल कार्तिक १३ गतेबाट व्यवसायिक विद्युत उत्पादन गरिरहेको छ । हाल उक्त कम्पनीले दार्चुला जिल्लाको अपि हिमाल गाउँपालिका तथा मार्मा गाउँपालिका भई बहने चमेलिया नदीमा ४० मेगावाट क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनाको पहिचान गरी आयोजना निर्माण कार्य गरिरहेको छ । यसका साथै बझाङ जिल्लामा रहेको कालंगा नदीबाट निजी लगानीमा निर्माणाधीन कुल ३ वटा परियोजनामार्फत करीब ६५ मेगावाट विद्युत उत्पादन भईसकेको छ ।

यस प्रदेशमा रहेका महाकाली, सेती, चमेलिया, बुढीगंगा, कालंगा लगायतका नदीहरुबाट प्रशस्त मात्रामा जलविद्युल उत्पादन गर्न सकिने सम्भावना रहेका छ । चमेलिया नदीबाट ३० मेगावाट जलविद्युत उत्पादन भैरहेको छ । महाकाली नदीमा निर्माण हुने पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाबाट करीब ६ हजार ४ सय ८० मेगावाट तथा पश्चिम सेती जलविद्युत आयोजनाबाट ७५० मेगावाट विद्युत उत्पादन हुने अनुमान गरिएको छ । यी आयोजनाहरु बन्न सकेमा समग्र सुदूरपश्चिम प्रदेश लगायत देशभरिमा रहेको विद्युत समस्या समाधान हुनुका साथै विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिने सम्भावना रहेको छ ।

## ६.२ वैदेशिक रोजगारी

समीक्षा अवधिमा यस प्रदेशबाट ९ हजार ५ सय १६ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ, जुन समग्र देशभरिबाट श्रम स्वीकृति लिने संख्याको झण्डै २.७ प्रतिशत हुन आँउदछ। सुदूरपश्चिम प्रदेशको वैदेशिक रोजगारीको प्रमुख गन्तव्य भारत रहेको छ । भारत जानेको संख्या यकिन नभएतापनि विभिन्न अनुमानहरुले करिब ५ देखि ७ लाखको संख्यामा यस प्रदेशका मानिसहरु भारतमा रहेको देखाउँछ (स्रोत: बैदेशिक रोजगार विभाग, Nepal Labour Migration Report 2022) ।

**आन्तरिक रोजगारी :** प्रधानमन्त्री रोजगार कार्यक्रमबाट आ.व. २०७९/८० मा सुदूरपश्चिम प्रदेशमा ५४८३ जना लाभान्वित भएका छन । रोजगारीमा खटिएकामध्ये सबैभन्दा बढी कैलाली जिल्लामा १२४९ जना लाभान्वित भएका छन भने कञ्चनपुर जिल्लामा सबैभन्दा कम ६२६ जना लाभान्वित भएका छन ।

**तालिका ६.१ : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सृजित रोजगारीको अवस्था**

| जिल्ला | सूचीकृत बेरोजगार संख्या | कुल रोजगारी प्रदान गरिएको दिन | कुल आयोजना संख्या | रोजगारीमा खटिएकाको संख्या |
|---|---|---|---|---|
| बाजुरा | ३०५०१ | ८६५२० | २७५ | ८७७ |
| बझाङ्ग | १५३३८ | ४५०५७ | २७७ | ६२७ |
| दार्चुला | १७३१४ | ३५७१९ | २४० | ३७१ |
| बैतडी | २६९९१ | ११२९५ | ३३० | १३४ |
| डडेलधुरा | २९५०३ | ६६१०६ | ४२५ | ७९१ |
| डोटी | १४८५१ | ३५८०९ | १९९ | ३३२ |
| अछाम | २३१९८ | ४४०७५ | २७८ | ४७६ |
| कैलाली | २८०३१ | ९७७७३ | २९८ | १२४९ |
| कञ्चनपुर | १०४१३ | ३१७१९ | १५५ | ६२६ |
| **जम्मा** | **१९६१४०** | **४५४०७३** | **२४७७** | **५४८३** |

*स्रोत: प्रधामन्त्री रोजगार कार्यक्रम ।*

## ६.३ रोजगारीको चुनौती र सम्भावना

### चुनौतीहरु:

- सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाहरु दार्चुला, बझाङ, अछाम, बैतडी तथा बाजुराबाट नेपालीहरु भारतका विभिन्न राज्यमा मजदुरी गर्न जाने परम्पराको अन्त्य गरी स्वदेशमै पर्याप्त रोजगारीका अवसरहरु सिर्जना गर्नु ।
- श्रम तथा रोजगारीको हक कार्यान्वयन गर्नु ।
- उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर पहिचान र सृजना गर्नु ।
- अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याउनु ।
- श्रम बजारको माग अनुरूप सीपयुक्त श्रम शक्तिको विकास गर्नु ।
- शिक्षालाई व्यावहारिक र रोजगारमूलक बनाई उद्यमशीलता विकास गर्नु ।
- श्रमिक र रोजगारदाता बीच सु-सम्बन्ध स्थापित गर्नु ।
- श्रम निरीक्षण र नियमनलाई प्रभावकारी बनाउनु ।

### सम्भावनाहरु:


- बेरोजगार व्यक्तिहरूलाई कृषि सहकारी वा कृषक समूहको माध्यमबाट कृषि पकेट क्षेत्रहरूको विकास गरी कृषि पेशालाई सम्मानजनक, मर्यादित र प्रतिष्ठित बनाई कृषि क्षेत्रमा थप रोजगारीका अवसरहरू सृजना गरी कृषिमा आत्मनिर्भर बनाउन सकिने ।
- निर्माण क्षेत्रमा दक्ष जनशक्तिको रूपमा काम गर्ने ईलेक्ट्रिसीयन, प्लम्बर, पेन्टर, कारपेन्टर आदी लगायत अन्य श्रमिक मजदुरहरू अधिकांश छिमेकी भारतीय राज्यका रहेका छन् । यी क्षेत्रमा नेपाली श्रमिक मजदुरहरू अदक्ष कामदारको रूपमा काम गर्ने गर्दछन् । यस क्षेत्रमा रोजगारीका सम्भावनाहरू प्रशस्त रहेकोले बजारको मागको आधारमा थप दक्ष, सीपयुक्त जनशक्ति तयार गरी बजारमा दक्ष जनशक्तिको आपूर्ति गर्न सक्ने सम्भावना रहेको ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत विभिन्न किसिमका सीपमूलक, रोजगारमूलक, व्यावसायिक तथा प्राविधिक तालिमहरूको माध्यमबाट दक्ष, सक्षम र उत्पादनशील जनशक्ति उत्पादन गर्न सकिने ।
- सुदूरपश्चिम प्रदेशको प्राकृतिक, धार्मिक, मौलिक, पुरातात्विक एवं सांस्कृतिक सम्पदा, हिमाली मनोरम दृश्य, पर्वतारोहण, पदमार्ग, निकुञ्ज, जल सम्पदा आदि पर्यटनको मुख्य आधार क्षेत्र रहेको छ । यी सम्पदाहरूको संरक्षण, संवर्द्धन र विविधीकरण गरी नयाँ नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान, विकास, प्रवर्द्धन गर्दै पर्यटन क्षेत्रमा थप रोजगारी सिर्जना गर्न सक्ने सम्भावना रहेको ।

## ६.४ प्रत्यक्ष वैदेशिक लगानी

आर्थिक वर्ष २०७८/७९ को अन्त्यसम्ममा सुदूरपश्चिम प्रदेशमा वैदेशिक लगानी प्रस्ताव गरिएका ६२ वटा परियोजना छन । जम्मा लागत रु. ४ अर्ब ८० करोड रहेको उक्त परियोजनाहरुमा वैदेशिक लगानीको अंश रु. २ अर्ब ४९ करोड ६४ लाख (५२ प्रतिशत) रहेको छ ।

जिल्लागत रुपमा कञ्चनपुरमा सबैभन्दा बढी २३, कैलालीमा १९, बैतडीमा ८, अछाममा ४, दार्चुला र डडेल्धुरामा ३/३ र डोटी र बझाङमा १/१ परियोजनामा वैदेशिक लगानी प्रस्ताव गरिएको छ । परियोजना लागतका हिसावले कैलालीमा सबैभन्दा बढी रु. २ अर्ब ९८ करोड र सबैभन्दा कम डोटीमा रु.१ करोड वैदेशिक लगानी रहेको छ (Industrial Statistics 2078-79, उद्योग विभाग)।

चित्र ६.१ : आर्थिक बर्ष २०७८/७९ सम्म जिल्लागत रुपमा वैदेशिक लगानी रहेका परियोजनाको संख्या




आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म राष्ट्रिय रुपमा विदेशी लगानी स्वीकृति पाएका उद्योगहरुको संख्या ५ हजार ६ सय ९२ रहेको छ भने सुदूरपश्चिम प्रदेशमा यस्ता उद्योगहरुको संख्या ५० रहेको छ । आर्थिक वर्ष २०७९/८० को फागुनसम्म विदेशी लगानी स्वीकृति पाएका उद्योग सबैभन्दा बढी (८२ प्रतिशत) बागमती प्रदेशमा र सबैभन्दा कम (०.९ प्रतिशत) सुदूरपश्चिम प्रदेशमा रहेको छ (स्रोत: आर्थिक सर्वेक्षण २०७९/८०) ।

## ६.५ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### चुनौतीहरुः

- रणनीतिक महत्वका पूर्वाधार आयोजनाहरु गुणस्तरीय रुपमा समयमा नै सम्पन्न गर्नु ।
- ठूला विकास निर्माणका आयोजना सञ्चालनका लागि आवश्यक आर्थिक तथा प्राविधिक स्रोत साधनको जोहो गर्नु ।
- यस प्रदेशका धेरैजसो उद्योगहरु भारतीय दक्ष कामदार तथा आयातित कच्चा पदार्थमा निर्भर रहेकोले स्वदेशी कामदारको दक्षता अभिवृद्धि गरी स्थानीय कच्चा पदार्थको प्रवर्द्धन तथा शुपथ मुल्यमा कच्चा पदार्थ आयात गर्न सकिने व्यवस्था गरी भारतीय कामदारलाई विस्थापित गर्ने कार्य चुनौतीपूर्ण देखिन्छ ।
- प्रदेश गौरवका आयोजनाहरु र विकास निर्माणका निर्माणाधीन पूर्वाधारहरु निर्धारित समयमै सम्पन्न गर्ने ।
- पूर्वाधार निर्माण सम्बन्धमा भएका कार्यहरुको अभिलेख व्यवस्थित गर्दै स्थानिय आवश्यकता अनुसारका विकास निर्माणका योजना बनाउनु ।
- उद्योग सञ्चालन प्रोत्साहनका लागि सुपथ मुल्यमा भरपर्दो विद्युतीय सेवाको उपलब्धता प्रदेशका दुर्गमा क्षेत्रमा समेत गराउनु ।

### सम्भावनाहरुः

- प्रदेश गौरवका आयोजनाहरु समयमै सम्पन्न गर्न सके यस क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई यातायातको सुविधामा सहज पहुँच हुनुका साथै, स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहज भई आर्थिक गतिविधि बढ्ने सम्भावना रहेको ।
- यस प्रदेशमा रहेका महाकाली, सेती, चमेलिया, बुढीगंगा, कालंगा लगायतका नदीहरुबाट प्रशस्त मात्रामा जलविद्युल उत्पादन गर्न सके समग्र सुदूरपश्चिम प्रदेशको पूर्वाधार विकासका साथै विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिने सम्भावना रहेको छ ।

बक्स ५ : चमेलिया जलविद्युत आयोजना



अपि पावर कम्पनी लिमिटेडको तेस्रो परियोजनाको रुपमा दार्चूला जिल्लाको अपि हिमाल तथा मार्मा गाउँपालिका भएर बहने चमेलिया नदीमा ४० मेगावाट क्षमताको मथिल्लो चमेलिया जलविद्युत आयोजना निर्माणको अन्तिम चरणमा पुगेको छ। अपि हिमाल गाउँपालिकाको ओखल भन्ने स्थानमा आयोजनाको बाँध निर्माण गरिएको छ । करिब ५ कि.मि लामो र ३.२ डायमिटरको पेनस्टक पाइपको सहायताले चमेलिया नदीको पानी फर्काई मार्मा गाउँपालिका घट्टेगाढ भन्ने स्थानमा विद्युत गृह निर्माण गरिएको छ। कुल लागत ७ अर्ब ४० करोड रुपैया मध्ये ३० प्रतिशत अर्थात् दुई अर्ब २२ करोड रुपैया शेयर धनीहरुलाई हकप्रद शेयर जारी गरी जुटाईएको छ । बाँकी ७० प्रतिशतले हुने रकम कम्पनीले हिमालयन बैंक लिमिटेडको अगुवाईमा क्रमशः कर्मचारी सञ्चय कोष, राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, नेपाल बैंक लिमिटेड, नेपाल बङ्गलादेश बैंक लिमिटेड र सेन्चुरी कमर्सियल बैंक लिमिटेडवाट सहवित्तीयकरण मार्फत वित्तीय व्यवस्थापन गरेको छ ।

यस आयोजनको निर्माण कार्य २०७७ साल कार्तिक १ गतेबाट सुरु भएको हो भने २०७९ फागुन भित्र सम्पन्न गर्ने लक्ष्य लिईएकोमा हाल आयोजना निर्माणको अन्तिम चरणमा पुगिसकेको छ। आयोजना स्थलमा कर्मचारी आवास गृह, लेवर हाउस, विद्युत लाइन विस्तार, क्रसर प्लान्ट जडान, हाइड्रो मेकानिकल वर्कशप निर्माण कार्य सम्पन्न भईसकेको छ। त्यसै गरी विद्युत गृह, सर्ज ट्याङ्क र सब स्टेसनको निर्माण कार्य शत प्रतिशत सम्पन्न भईसकेको छ। एलाइनमेन्ट तर्फ ८०० मिटर पाइप जडान र बाँधस्थलको अन्तिम सिभिल कार्य चलिरहेको छ ।

आयोजनाको सिभिल तर्फको निर्माण कार्य ग्वाल्लेक निर्माण सेवा प्रा.लि.,जे.भि तथा अग्रतोष निर्माण सेवाले गरेको हो भने  हाइड्रो मेकानिकल तर्फको निर्माण कार्य अपि हाडड्रो मेकानिकल प्रा.लि ले र इलेक्ट्रो मेकानिकल तर्फको निर्माण कार्य अष्ट्रिया स्थित कम्पनी गेप्पर्ट हाइड्रोले गरेको हो ।

यस आयोजनाबाट उत्पादित विद्युत १६ कि.मि. लामो १३२ के.भि.डबल ट्रान्समिसन लाईन मार्फत् नेपाल विद्युत प्राधिकरणको वलाँच स्टेशनमा ल्याई राष्ट्रिय ग्रिडमा जडान गरिनेछ। पाँच वर्षको लाभांश वितरण इतिहासलाई हेर्दा अपिले ११.०५ प्रतिशतसम्म लाभांश वितरण गरेको छ।

आयोजनाबाट वार्षिक २६ करोड ४१ लख यूनिट विद्युत उत्पादन हुने अनुमान गरिएको छ। सो मध्ये ३० प्रतिशत सुख्खा यामका ५ महिनामा र बाँकी ७० प्रतिशत वर्षायामका ७ महिनामा उत्पादन हुने आँकलन छ।  आयोजनाले विद्युत विक्रीबाट पहिलो वर्षमा एक अर्ब ६२ करोड रुपैया आम्दानी हुने र आठ बर्षमा तिन प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान गरेको छ।

चुनौतीहरु : वातावरणमा अप्रत्याशित परिवर्तन हुँदा पानिको स्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।

**आयोजना निर्माणबाट पर्न सक्ने नकरात्मक प्रभावहरु**

- वातावरणमा पर्ने प्रतिकुल असर
- वन क्षेत्र तथा वन सम्पदामा पर्ने चाप
- वन्यजन्तुमा पर्ने असर
- मानव स्वस्थ्यमा पर्ने असरहरु

आयोजना निर्माण तथा सञ्चालनको क्रममा १८९ हे. वन क्षेत्र क्षति हुने र १५,०५७ वटा विभिन्न जातका रुख विरुवा कटान गर्नुपर्ने देखिएको छ । यसका साथै यस आयोजनाले वन्यजन्तुको वासस्थान खण्डिकरण तथा वन्यजन्तुलाई आवतजावतमा असर पुऱ्याउने देखिन्छ ।

# परिच्छेद ७

# आर्थिक परिदृष्य

## ७.१ कृषि उत्पादन

पछिल्लो समय तराईका जिल्लाहरुमा रसायनिक मलको उपलब्धता, सिंचाईको क्षेत्रफलमा सामान्य विस्तार, उन्नत र हाईब्रिड जातको बीउ प्रयोगमा वृद्धि, कैलालीको दक्षिण पूर्वी क्षेत्रमा चैते धान खेतीमा बढ्दो आकर्षण, साना सिंचाई योजनाहरुको निर्माण तथा पुराना कुलोहरुको मर्मतसम्भारले गर्दा धानको उत्पादनमा वृद्धि (करीब ८.०० प्रतिशत) हुने देखिन्छ।

तरकारी खेतीमा कृषकहरुको आकर्षण, अन्य बालीभन्दा तरकारीको माग र मूल्य उच्च रहेको, वैदेशिक रोजगारबाट फर्केका युवाहरुको व्यवसायिक तरकारी खेतीमा संलग्नता र सरकारबाट उत्पादनमा आधारित विभिन्न किसिमका अनुदान कार्यक्रम सञ्चालन गरिएको हुँदा तरकारीको उत्पादनमा ११ प्रतिशत वृद्धि हुने देखिन्छ ।

यस प्रदेशमा स्याउ र ओखर खेतीमा कृषकहरुको आकर्षण र लगानीमा वृद्धि, फलफूल सुपरजोन/जोन/ब्लकहरुको स्थापना, उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन, कृषि ज्ञान केन्द्रहरुको फलफूल खेतीमा प्राविधिक सहयोगले आगामी दिनमा फलफूलको उत्पादन ६ प्रतिशतले वृद्धि हुने सम्भावना देखिन्छ ।

यस प्रदेशको शहरी क्षेत्रमा दूधको माग बढिरहेको, वैदेशिक रोजगारबाट फर्केका तथा अन्य युवाहरुको पशुपालन व्यवसायमा लगानी, उन्नत तथा वर्णशंकर गाई भैंसीपालनमा वृद्धि, दुग्ध संकलन तथा चिस्यान केन्द्रहरुको सञ्चालन, महामारी रोगहरुको नियन्त्रण, पशुपालन क्षेत्रमा बीमा योजनाहरुको व्यवस्था र सहुलियतपूर्ण कर्जाको निरन्तरताले गर्दा दूधको उत्पादनमा ७ प्रतिशतले वृद्धि हुने देखिन्छ ।

यस प्रदेशमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बाख्रा ब्लक कार्यक्रमको सञ्चालन, प्रदेश सरकारद्वारा घुम्ती भेडा प्रवर्द्धन कार्यक्रम सञ्चालन, बाख्रा पकेट क्षेत्रमा वृद्धि, पशुपालन क्षेत्रमा बीमा योजना र सहुलियतपूर्ण कर्जाको व्यवस्था, व्यावसायिक कुखुरापालनमा तथा माछापालनमा विस्तारले मासु, अण्डा, माछा र ऊनको उत्पादनमा क्रमशः १० प्रतिशत, ७ प्रतिशत, ५ प्रतिशत र ६ प्रतिशत वृद्धि हुने अनुमान भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका विज्ञहरुले गरेका छन् ।

प्रदेशका विभिन्न जिल्लाहरुमा वनजन्य उत्पादन प्रदेश वन ऐन, २०७६ बमोजिम वनक्षेत्रमा रहेका सुख्खाखडा र ढलापडा रुखहरु ३ वर्षभित्र निकाल्ने प्रावधानको कार्यान्वयन, समयमा संकलन इजाजत प्रदान र सामुदायिक वन तथा निजी आवादी जग्गामा वृक्षारोपणलाई प्रोत्साहन गरिएको हुँदा काठ उत्पादन वृद्धि हुने आँकलन गरिएको हो । यसैगरी, दाउरा उत्पादन १४ प्रतिशतले वृद्धि हुने अनुमान डिभिजन वन कार्यालयले गरेका छन् ।

साथै, कञ्चनपुर जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना बमोजिम जडीबुटी संकलनको दिगो व्यवस्थापन गर्ने कार्यक्रमको सञ्चालन, सामुदायिक वन, राष्ट्रिय वन र निजी आवादी जग्गामा अनुदान मार्फत जडीबुटी खेतीको विस्तार, डिभिजन वन कार्यालयहरुबाट जडीबुटीका बिरुवा उत्पादन तथा वितरण र जडीबुटीहरुको प्रशोधनमा आर्थिक तथा प्राविधिक सहयोगले जडीबुटी उत्पादनमा ३३ प्रतिशतले वृद्धि हुने देखिन्छ ।

## ७.२ औद्योगिक उत्पादन

कोभिड-१९ का कारण संकटमा परेका उद्योगहरु पूर्ण रुपमा सञ्चालन हुन नसकेको, आयातमा गरिएको कडाई, अन्तराष्ट्रिय बजारमा भएको मूल्यवृद्धि, औद्योगिक उत्पादनको लागि चाहिने कच्चा पदार्थ तथा जनशक्तिको अभाव, पुर्नकर्जामा कमी आदी कारणले औद्योगिक उत्पादनमा ह्रास आउने देखिन्छ ।

## ७.३ सेवा क्षेत्र

हाल कोभिड महामारीको असर कम भएको, भन्सार नाकाहरु खुल्दा भारतीय पर्यटकहरुको आगमन हुने र यातायात कार्यालय, डडेल्धुरा तथा यातायात कार्यालय, डोटीबाट ड्राइभिङ्ग लाइसेन्स प्रदान गरिने भएकोले सो स्थानहरुमा ड्राइभिङ्ग तालिम सेन्टरको स्थापना एवं लोकसेवा आयोगको परीक्षाहरु सञ्चालन हुँदा स्वदेशी पर्यटकहरुको आगमनमा वृद्धि हुने अनुमान होटल व्यवसायीहरुले गरेका छन् ।

सेती प्रादेशिक अस्पताललाई २०० शैयाको अस्पतालमा स्तरोन्नत्ती गर्ने निर्णय र प्रत्येक स्थानीय तहहरुमा कम्तिमा १५ बेडको अस्पताल स्थापना गर्ने सरकारको नीति रहेकोले अस्पताल/स्वास्थ्य केन्द्रको संख्या एवं चिकित्सकको संख्या ५ प्रतिशतले वृद्धि भई स्थानीय स्तरमा स्वास्थ्य सेवा प्रवाहमा सुधार हुने देखिन्छ ।

कोभिड महामारीको असर कम भएको कारण सेवा क्षेत्र चलायमान हुने सम्भावना देखिन्छ । बाह्य पर्यटकहरुको आगमनमा केही सुधार हुदै आउनुका साथै आन्तरिक पर्यटकहरुको संख्या समेत बढ्दै गएको कारणले होटल व्यवसायहरु पूर्ण क्षमतामा सञ्चालन हुने सम्भावना समेत देखिन्छ ।

पर्यटकीय मौसममा समेत बाह्य पर्यटकहरु नगण्य रहेकोले पर्यटनसँग सम्बन्धित व्यवसायहरु पूर्ण रुपमा सञ्चालनमा आउन नसक्दा ती क्षेत्रहरुमा आवद्ध थप रोजगारी समेत गुम्न सक्ने देखिन्छ ।

## ७.४ पूर्वाधार क्षेत्र

स्थानीय, प्रदेश तथा संघीय सरकारबाट यस प्रदेशका विभिन्न जिल्लाहरुमा सडक विस्तार तथा स्तरोन्नतीको कार्य भईरहेको, लघु जलविद्युत आयोजना निर्माण र सञ्चालन हुने क्रममा रहेको, विद्युत पहुँच विस्तार नभएका क्षेत्रहरुमा ११ के.भी. को केन्द्रीय विद्युत प्रसारण लाईन निर्माण भैरहेको र प्रदेश गौरवका सडक आयोजनाहरुको निर्माण जस्ता भौतिक पूर्वाधार सम्बन्धी आयोजनाहरुको निर्माण कार्य द्रुत गतिमा भैरहेकाले स्थानीय स्तरमा रोजगारी सिर्जना भई आर्थिक क्रियाकलापहरुमा वृद्धि हुने अपेक्षा गर्न सकिन्छ ।

कैलालीको गेटा विमानस्थलको स्तरोन्नती, राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको रानी जमरा कुलरिया आयोजना करिब ६३ प्रतिशत भौतिक प्रगति, गेटा मेडिकल कलेज लगायतका पूर्वाधारहरु निर्माणको अन्तिम चरणमा रहेको तथा महाकाली नदीमा निर्माणाधीन ४ लेनको ८०० मिटर लम्बाई भएको पक्की पुलको निर्माण पश्चात भारतसँगको व्यापार अझ सहज हुने देखिन्छ ।

सामरिक महत्व जोडिएका सडकहरु महाकाली कोरिडोर (कञ्चनपुरको ब्रह्मदेवदेखि दार्चुला जिल्लाको तिंकर भंज्याङ्गसम्म कुल ४२५ किमी) सडकको ट्रयाक खोल्ने काम भैरहेको तथा पूर्वपश्चिम जोड्ने पुष्पलाल मध्यपहाडी लोकमार्गको विस्तार तथा प्रदेशमा रहेका राजमार्गहरुको विस्तार र स्तरोन्नतीको कार्य निरन्तर जारी रहेकोले उक्त मुख्य सडकहरुसँग जोडिने ग्रामीण सडक तथा पहुँचमार्गको निर्माण तीव्र रुपमा बढ्ने देखिन्छ ।